आज लोकतन्त्रले जितेको छः वरिष्ठ नेता शाह पृष्ठ २ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक २७६ • २०८२ साल फाल्गुन २२ गते शुक्रबार (6 March, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

### देशभर ६० प्रतिशत मतदान

# मधेशमा मतपेटिका संकलन, मतगणनाका लागि आन्तरिक तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा करिब ६० प्रतिशत मतदान भएको छ।

प्रदेशभर बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म चलेको मतदानमा करिब ६० प्रशतले मतदान गरेका मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ।

कार्यालयका प्रदेश प्रहरी प्रवक्ता कमल थापाले दिएको जानकारी अनुसार मधेश प्रदेशमा उत्साहजनक ढंगबाट मतदान सम्पन्न भएको जानकारी दिए।

उनका अनुसार ८ वटै जिल्लाबाट जिल्लागत रिपोर्टिङ भइसकेपछि मात्र खसेको मतबारे यकिन भन्न सकिनेछ।

प्रदेशभर शान्तिपूर्ण, सुरक्षित र उत्साहजनक रूपमा मतदान सम्पन्न भएको उनको भनाइ छ।

त्यस्तै सप्तरीमा ५५ प्रतिशतभन्दा बढी मतदान भएको जनाइएको छ।

५५.३४ प्रतिशत मत खसेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेशकुमार जोशीले जानकारी दिए। प्राप्त विवरणअनुसार यहाँ १ लाख ३३ हजार १६५ महिला, १ लाख १२ हजार ४३८ पुरुष र ३ जना अन्य गरी कुल २ लाख ४५ लाख ६०६ जनाले मतदान गरेको उनले बताए।

सप्तरीको चारवटा निर्वाचन क्षेत्र रहेको यहाँ कुल ४ लाख ४६ हजार ४०२ मतदाता छन् भने यसपटक प्रतिनिधिसभा सदस्यका लागि १०२ जना उम्मेदवार चुनावी मैदानमा छन्।

त्यसैगरि सिरहामा ६५ प्रतिशत हाराहारी मतदान सम्पन्न भएको छ।



सिरहाको चार वटै निर्वाचन क्षेत्रमा कुल ४ लाख ५३ हजार ६४५ मतदाता छन्। सिरहा-१ मा एक लाख ११ हजार ९४९, सिरहा-२ मा एक लाख १५ हजार ७६०, सिरहा-३ मा एक लाख १९ हजार २५० र सिरहा-४ मा एक लाख ६ हजार ६८६ मतदाता रहेका छन्।

त्यस्तै धनुषामा करिब ६० प्रतिशत मतदान भएको प्रमुख जिल्ला अधिकारी लुईंटेलले बताए।

धनुषा निर्वाचन क्षेत्र नम्बर १ को निर्वाचन अधिकृतको कार्यालय धनुषाधाममा, धनुषा-२ को तिनकोरिया बजारमा, धनुषा- ३ को जनकपुरधामस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा र धनुषा- ४ को क्षीरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगरमा रहेको छ। सबै निर्वाचन अधिकृतको कार्यालयमा मतगणना शुरु भएको छ। शुरु हुनु अघि सर्वदलीय बैठकपछि मतगणना ढिलो गरी शुरु भएको जनाइएको छ।

चारवटै क्षेत्रका मतपेटिका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा जम्मा भइसकेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईंटेलले बताए। त्यसैगरि महोत्तरी जिल्लामा ५२ प्रतिशत मतदान कार्य शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। जिल्लाभर रहेका चार लाख ३१ हजार २८२ मतदातामध्ये दुई लाख २४ हजार दुई सय २६७ मत खसेको जनाइएको छ।

जिल्लामा २५६ मतदान स्थल र ५३६ मतदान केन्द्र मार्फत मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्र देव यादवले बताए। निर्वाचन प्रशासनका अनुसार जिल्लाका सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको छ र जिल्लामा कतै कुनै अप्रिय घटना नभएको प्रमुख जिल्ला अधिकारी यादवले बताए।

त्यसैगरि सर्लाहीमा करिब ६० प्रतिशत मतदान भएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचनअन्तर्गत सर्लाहीमा छिटपुटबाहेक शान्तिपूर्ण किसिमले मतदान सम्पन्न भएको छ। जिल्ला निर्वाचन कार्यालयका प्रमुख एवं जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलले सर्लाहीमा करिब ६० प्रतिशत मत खसेको प्रारम्भिक विवरण प्राप्त भएको बताए।

त्यस्तै रौतहट जिल्लाका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा कुल ६० प्रतिशत मतदान भएको जानकारी प्राप्त भएको छ।

रौतहटको चारवटै निर्वाचन क्षेत्रमा गरी कुल ४ लाख ३६ हजार ६११ मतदाता रहेका छन्। जिल्लाभरका १५२ वटा मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको थियो।

चार वटा निर्वाचन क्षेत्र रहेको रौतहटमा सबै क्षेत्रको मतपेटिकाहरू सम्बन्धित संकलन केन्द्रमा ल्याउने काम भइरहेको र मतगणना गर्ने तयारी समेत भइरहेको निर्वाचन अधिकृत छोटेलाल दासले बताए। प्रमुख दासका अनुसार रौतहट- १ गौरमा रहेको जुद्ध माध्यमिक विद्यालयमा मतगणना हुनेछ भने रौतहट- २ को ब्रह्म ज्योति मावि लौकाहा, रौतहट-३ को जनता मावि कटहरिया र रौतहट-४ को जनज्योति उच्च मावि चन्द्रपुरमा मतगणना हुने निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

त्यसैगरि बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविलाल भट्टराईले बारा जिल्लामा ६५ प्रतिशतभन्दा बढी मतदान भएको जानकारी दिए।

बाराको सबै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको छ।

त्यस्तै पर्सामा करिब ६७ प्रतिशत मतदान भएको छ। पर्साका मुख्य निर्वाचन अधिकृत गायत्री प्रसाद रेग्मीले चार वटै निर्वाचन क्षेत्रबाट गरी औसतमा करिब ६७ प्रतिशत मतदान भएको जानकारी प्राप्त भएको छ।

## छिटपुट घटनाबाहेक शान्तिपूर्ण मतदान सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । छिटपुट घटनाबाहेक देशभर शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको छ। सर्लाही, महोत्तरीलगायतका केही स्थानमा सामान्य विवादका घटना भए पनि अधिकांश क्षेत्रमा भने मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ।

निर्वाचन आयोगले बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा करिब ६० प्रतिशत मतदान भएको प्रारम्भिक अनुमान गरेको छ।

निर्वाचन सम्पन्न भएपछि आयोजित पत्रकार सम्मेलनमा आयोगका कार्यबाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले अहिलेसम्मको प्राप्त विवरणअनुसार करिब ६० प्रतिशत मत खसेको बताए। उनले विस्तृत विवरण संकलन जारी रहेको जनाउँदै छिटपुट घटनाबाहेक देशभर शान्तिपूर्ण र उत्साहपूर्वक सम्पन्न भएको राष्ट्रिय र अन्तरराष्ट्रिय पर्यवेक्षक संस्थाहरुको प्रारम्भिक प्रतिवेदनमा जनाएको छ।

दुर्गम १५ जिल्लाका मतपेटिका नेपाली सेनाको हेलिकप्टरबाट संकलन गरिने जनाउँदै कार्यबाहक प्रमुख भण्डारीले मतपेटिका संकलन भएपछि मतगणना तत्काल सुरु गरिने बताए। उनले ताप्लेजुङ, रसुवा, दोलखा र रुकुमपूर्वमा मतपेटिका बिहीबार नै ल्याइने र संखुवासभा, सोलुखुम्बु, मनाङ, हुम्ला, रुकुमपश्चिम र बाजुराका मतपेटिका शुक्रबारसम्म हेलिकप्टरबाट संकलन गरिने बताए।

आयोगले मताधिकारबाट प्रतिनिधि चुन्ने र शासन सत्ता सञ्चालनको प्रक्रियालाई पूर्णता दिने अभियानमा सहभागी र सहयोगी सबैलाई धन्यवाद दिएको छ। कतिपय स्थलमा मतदाताले मतदानमा सहभागी हुन अस्वीकार गरेको सन्दर्भमा कार्यबाहक प्रमुख आयुक्त भण्डारीले सरकार वा जनप्रतिनिधिले गरेका प्रतिबद्धता पूरा नहुँदा कतिपय स्थानमा मतदाताले मत नदिएको हुनसक्ने भएकाले ती मतदाताले संविधान, प्रणाली र आयोगप्रति भने असन्तुष्टि नभएको बताए।

# मतदानपछि जेन- जी युवा पुस्ता उत्साहित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशसहित देशव्यापी रुपमा जेन- जी पुस्ताका युवाहरु प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलोपटक निर्वाचनमा सहभागी हुन पाउँदा हौंसिएका छन्।

यसपटकको निर्वाचनमा अप्रत्याशित रुपमा परम्परागत दलको किल्ला भत्किन सक्ने अनुमान उनीहरुले गरेका छन्। विगतका निर्वाचित उम्मेदवारले कामभन्दा आफ्नो प्रंशसा खोज्ने र आसेपासे तथा नातागोतामै रमाउने, कमिसन खोज्नेजस्ता भ्रष्टाचार र कुशासनलाई प्रश्रय दिने कार्य गर्दा आफूहरुलाई निकै सास्ती भोग्नु परेकाले आफूहरुले परिवर्तनको पक्षमा मतदान गरेको युवा पुस्ताहरु बताउँछन्।




जनकपुरधाम वडा नम्बर ४ कि चाँदनी साह प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्नकै लागि संघीय राजधानी काठमाण्डुबाट मधेश प्रदेशको राजधानी आएको औंधि खुसी हुँदै बताइन्। जनकपुरधाम- ४ स्थित भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रांगणमा मतदान गरिसकेपछि कुराकानी गर्दै चाँदनीले खुसी हुँदै भनिन्, 'परिवर्तनका निमित्त म काठमाण्डुबाट जनकपुरधाम आएको र मतको दान गरेपछि आफू निकै खुसी छु।'

मधेश प्रदेशबाट यसपटक परिवर्तन हुनेमा उनी विश्वस्त देखिन्थिन्। राम युवा कमिटीको प्रांगणमा मतदान गरिरहँदा एक युवकले आफूले पहिलोपटक मतदान गर्ने र यसपटक आफूलाई मन परेको उम्मेदवारलाई मतदान गर्ने बताए। जनकपुरधाम- ४ का श्याम साहले आफू नयाँ अनुहारलाई मतदान गरी धनुषाको परिवर्तनमा पक्षमा मतदान गर्ने बताए।

उनी जस्तै कैयन युवाहरुले हाम्रो भन्दा पनि राम्रो उम्मेदवारलाई मतदान गर्ने बताउँछन्।

जेन- जी आन्दोलनपछि भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई धेरैले निकै आशा र अपेक्षा राखेर निर्वाचनमा मतदान गरेको देखिन्छ। त्यसैले पनि यसपटकको निर्वाचन अन्य वर्षको तुलनामा विशेष निर्वाचनको रुपमा देखिएको छ।

तर गएको भदौमा भएको 'जेन जी आन्दोलन' पछि जनकपुरधाम- २ की प्रियाशा चौधरीले पहिलोपटक बिहीबार आफ्नो टोलमा रहेको मतदान केन्द्रमा पुगेर भोट खसालिन्।

उनले भने, 'जेन जी आन्दोलनकै कारण उत्प्रेरित भएर भोट हाल्न पाउँदा निकै रमाइलो अनुभव बटुलेको छु।'

प्रियाशा चौधरीले भनिन्, 'पहिलो पटक भोट खसाल्दा हाम्रो जीवनमा केही राम्रै परिवर्तन आउला भन्ने अपेक्षा राखेकी छु। देश पनि थप विकास होला भन्ने सोचेर नै मैले भोट गरेकी हुँ।'

नेपालको कूल जनसंख्याको करिब ४६ प्रतिशत युवाहरू रहेको राष्ट्रिय जनगणनाले देखाउँछ। कूल जनसंख्याको करिब १९.७ प्रतिशत व्यक्तिहरू १५ देखि २४ वर्षको उमेरका रहेका पछिल्लो जनगणनाले देखाएको थियो।

यस चुनावमा भाग लिन योग्य रहेका करिब १ करोड ९० लाख मतदाता मध्ये झन्डै १० लाख मतदाता पहिलो पटक भोट खसाल्ने समूहका रहेका थिए।

भ्रष्टाचारकै कारण जेन- जीहरू सडकमा उत्रिएको भन्दै आउने सरकारले त्यसलाई रोक्नुपर्ने बताइन्। कौतूहल, डर र रमाइलोमतदाता सूचीमा नाम दर्ता गराएका मध्ये फागुन २० गतेसम्म १८ वर्ष पुग्ने व्यक्तिहरूलाई प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गरिएको निर्वाचन आयोगले जनाएको छ।

त्यस्तै अनुभव गर्ने मध्ये धनुषाको मिथिला नगरपालिकाकी विनिता महतोले दोश्रो पटक मतदान गर्न पाउँदा निकै खुसी छिन्। उनले दुई वर्ष अघि भएको निर्वाचनपछि फेरि मतदान गर्न पाउँदा यसपटक परिवर्तनको आश बोकेर मतदान गरेको सुनाइन्।

उनले भनिन्, 'विगतको निर्वाचन भएको दुई वर्ष वित्यो। फेरि निर्वाचन भयो। यसपटक आफ्नो अनुकूलमा परिवर्तनको पक्षमा मतदान गरेकी छु।'

प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले गएको मङ्सिर महिनामा जेन- जी प्रदर्शनकारीहरूसंग सम्झौता गरेको थियो। जसमध्ये जेन- जी आन्दोलनमा भएको मानवअधिकार उल्लंघन र हिंसाको छानबिन गरी दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाइएको छ।

उक्त सम्झौतामा संविधान संशोधन सुझाव आयोग गठन गर्नेदेखि लिएर भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न विभिन्न सुधारहरू गर्ने वाचा गरिएको छ।

त्यसमध्येकी एक २४ वर्षकी तनुजा पाण्डेले आजको दिनलाई आफूले एउटा 'भावनाले भरिएको क्षण' का रूपमा लिएको बताइन्। उनी झापा निर्वाचन क्षेत्र ५ की मतदाता हुन्। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका नेता बालेन्द्र शाह प्रतिस्पर्धामा छन्।

पहिलोपटक निर्वाचनमा मतदान गरेका जेन- जी युवाहरुले सरकार र जेन-जीबीच भएको सम्झौतालाई नयाँ सरकारले कार्यान्वयन गर्ने आशंका समेत व्यक्त गरेका छन्।

## धनुषा- २, ३ र ४ मा उलटफेरको संकेत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा प्रतिनिधिसभा सदस्यको निर्वाचनमा यसपटक अप्रत्याशित मत परिणाम आउन सक्ने देखिन्छ।

धनुषासहित अन्य जिल्लामा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, जनमत पार्टी, जसपा नेपालसहितका दलहरु प्रतिको आक्रोशका कारण मतदाता रुष्ट रहेका छन्।

जसले गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका अन्य दल र नयाँ अनुहारका उम्मेदवारले मत पाउने सम्भावना बढी छ। धनुषाको क्षेत्र नम्बर २, धनुषा-३ र धनुषा- ४ मा उलटफेर हुन सक्ने सम्भावना रहेको छ।

मधेश प्रदेशमा रास्वपालाई अप्रत्याशित सिट आउने सम्भावना रहेको छ।



# निजामती कर्मचारी अस्पतालद्वारा आपत्कालीन स्वास्थ्य उपचार व्यवस्थापन समिति गठन




काठमाण्डु । निजामती कर्मचारी अस्पतालले विहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचन लक्षित गरी स्वास्थ्य सेवा प्रवाहका लागि १३ सदस्यीय आपत्कालीन स्वास्थ्य उपचार व्यवस्थापन समिति गठन गरेको छ । अस्पतालका कार्यकारी निर्देशक डा मोहनचन्द्र रेग्मीका अनुसार अस्पतालका मेडिकल डिभिजन प्रमुख डा दीपक पौडेलको नेतृत्वमा समिति गठन गरिएको हो । समितिमा सिनियर रजिष्ट्रार प्राडा जितेन्द्र परियार, रजिष्ट्रार डा अरुण सिग्देल, रजिष्ट्रार डा जेनर कुरुम्वाङ, रजिष्ट्रार डा समीर न्यौपाने सदस्य रहनुभएको छ। यसैगरी, निमित्त नर्सिङ प्रमुख सविका मुनिकार, प्रशासकीय अधिकृत रञ्जना नेपाल, फार्मेसी अधिकृत दीपा ढुङ्गाना, रेडियोग्राफी टेक्नोलोजिष्ट प्रविन धौराली, वरिष्ठ ल्याब टेक्निसियन अमेन्द्र अधिकारी र सवारी इञ्चार्ज रामहरि श्रेष्ठ सदस्य हुनुहुन्छ।

समितिको सदस्य सचिवको जिम्मेवारी भने रजिष्ट्रार डा रमेश पन्तलाई दिइएको छ। कार्यकारी निर्देशक डा रेग्मीले निर्वाचनमा सम्भावित घटनाको उपचार व्यवस्थापन गर्नका लागि समिति गठन गरेको जानकारी दिनुभयो ।स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबै अस्पताललाई निर्वाचनमा स्वास्थ्य सेवा प्रदान गर्नका लागि 'द्रुत प्रतिकार्य टोली' गठन गर्ने निर्देशन दिएको छ ।रासस

# प्रतिनिधिसभा सदस्य निर्वाचनः राष्ट्रपति र उपराष्ट्रपति मतदानमा सहभागी हुनु भएन

काठमाण्डु। राष्ट्रपति र उपराष्ट्रपति प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत विहीबारको मतदानमा सहभागी हुनुभएन। संविधानका संरक्षकका रुपमा तटस्थता कायम गर्दै उहाँहरुले मतदान नगर्नुभएको बताइएको छ।



राष्ट्रपति रामचन्द्र पौडेल संविधानको संरक्षक र राष्ट्रकै अभिभावक भएकाले मतदानमा सहभागी नहुने निर्णय गर्नुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो। राष्ट्रपति पौडेलले यसअघिका गृह जिल्ला तनहुँ, व्यास नगरपालिकास्थित सत्यवती मावि मतदान केन्द्रबाट मतदान गर्दै आउनुभएको थियो।

उपराष्ट्रपति रामसहायप्रसाद यादवले संवैधानिक तटस्थताका कारण मतदान प्रक्रियामा सहभागी नहुनु भएको प्रेस सल्लाहकार दिनेश यादवले जानकारी दिनुभयो। उहाँले यसअघिका निर्वाचनमा बाराको बसबरीयास्थित मतदान केन्द्रबाट मतदान गर्दै आउनुभएको थियो ।रासस

# लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता बलियो रूपमा अभिव्यक्त भएको छः सभापति थापा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता बलियो रुपमा अभिव्यक्त भएको बताउनुभएको छ।



प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान सम्पन्न भएपछि विज्ञप्ति जारी गर्दै सभापति थापाले निर्वाचन सम्पन्न गराउने सबैप्रति आभार व्यक्त गर्दै सम्मान प्रकट गर्नुभयो। उहाँले भन्नुभयो, "प्रतिनिधिसभाको निर्वाचनमा देशव्यापी रूपमा मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको नेपाली निष्ठा र अटल प्रतिबद्धता पुनः एकपटक बलियो रूपमा अभिव्यक्त भएको छ । निर्वाचनमा सहभागी भएर आफ्नो अमूल्य मताधिकार प्रयोग गर्नुहुने सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइप्रति म नेपाली कांग्रेस पार्टीका तर्फबाट उच्च सम्मान सहित कृतज्ञता व्यक्त गर्दछु।"

मतदाताको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रतिको गहिरो विश्वासलाई पुष्टि गरेको र अर्कातर्फ राजनीतिक दल र अब बन्ने सरकारलाई जनअपेक्षा अनुसार काम गर्न थप जिम्मेवार बनाएको उहाँको भनाइ छ।

केही निर्वाचन क्षेत्रमा भएका केही घटना बाहेक शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएकोमा उहाँले सरकार र निर्वाचन आयोगलाई विशेष धन्यवाद दिन दिनुभएको छ । "निर्वाचन सफल बनाउन अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण सुरक्षा निकायप्रति हार्दिक आभार र बधाई प्रकट गर्दछौं", विज्ञप्तिमा उल्लेख छ।

सभापति थापाले निर्वाचनमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुभएका राजनीतिक दल, सञ्चारकर्मी तथा राष्ट्रिय एवं अन्तरराष्ट्रिय पर्यवेक्षकप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्नुभएको छ ।रासस

# निर्वाचनले लोकतन्त्रलाई बलियो बनाउँछ : मुख्यमन्त्री बानियाँ

बागमती । प्रतिनिधिसभा सदस्य निर्वाचनमा मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले हेटौंडा उपमहानगरपालिका-१८ स्थित दमनचौर मतदान केन्द्रबाट मतदान गर्नुभएको छ।

मतदान पश्चात उहाँले लोकतन्त्रलााई बलियो बनाउन मतदान स्वच्छ, निष्पक्ष निर्वाचन आवश्यक रहेको बताउनुभयो । प्रतिनिधिसभा सदस्यनिर्वाचन अन्तर्गत जिल्लाको दुबै निर्वाचन क्षेत्रका मतदान केन्द्रमा शान्तिपूर्ण रुपमा मतदान जारी छ । जिल्लाको ३७४ वटै मतदान केन्द्रमा बिहान ७ बजेदेखि मतदान जारी रहेको प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले जानकारी दिनुभयो।



मतदान जारी रहेको बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले बताउनुभयो । मतदान केन्द्रमा महिला र पुरुषको छुट्टाछुट्टै लाइनमा बस्ने व्यस्था मिलाइएको छ, भने आपाङ्गता भएका, अशक्त, वृद्धवृद्धा, बिरामी, सुत्केरी, गर्भवतीलाई लाइनमा बस्न नपर्ने गरी विशेष व्यवस्था मिलाइएको प्रमुख ढकालले बताउनुभयो ।जिल्लाका १६७ मतदानस्थलमा ३७४ मतदान केन्द्र राखिएको छ। यसममध्ये १९ मतदानस्थललाई अति संवेदनशील सूचीमा राखिएको छ।

जिल्लाको ६० वटा मतदानस्थललाई संवेदनशील र ८८ वटालाई समान्य सूचीमा राखिएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले बताउनुभयो । यस्तै मकवानपुरमा दुई वटा अस्थायी मतदान केन्द्र तोकिएको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुर र भीमफेदी गाउँपालिकास्थित भीमफेदी कारागारमा गरी दुई वटा अस्थायी मतदान केन्द्र तोकिएको सहायक प्रजिअ जोशीले बताउनुभयो।

भीमफेदी कारागारमा रहेका ९९५ कैदीबन्दीमध्ये १६२ जनाको मतदाता नामावलीमा नाम समावेश रहेको भीमफेदी कारागारका प्रमुख सुवास पौडेलले बताउनुभयो ।मकवानपुरमा एक लाख ६१ हजार ९५३ पुरुष, एक लाख ५३ हजार ३७६ महिला र अन्य ५ गरी कूल तीन लाख १५ हजार ३३४ जना मतदाता छन् ।रासस

# आज लोकतन्त्रले जितेको छः वरिष्ठ नेता शाह



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा आज लोकतन्त्रले जितेको बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदानको समय सकिएपछि सामाजिक सञ्जालमा प्रधानमन्त्री सुशीला कार्कीको तस्बिर पोष्ट गर्दै उहाँले लेख्नुभएको छ, "हजुरको नेतृत्वमा आज लोकतन्त्रले जितेको छ।"रासस

# देश समृद्धिको मार्गमा अग्रसर हुने संयोजक दाहालको विश्वास

चितवन । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निर्वाचनपछि देश समृद्धिको मार्गमा अग्रसर हुने विश्वास व्यक्त गर्नुभएको छ।

भरतपुर महानगरपालिका वडा नं. १४ शान्तिपुरस्थित नेपाल पुलिस स्कुल मतदान केन्द्र क बाट मतदान गरेपछिसञ्चारकर्मीहरुलाई सङ्क्षिप्त प्रतिक्रिया दिँदै उहाँले राष्ट्र र जनताका पक्षमा काम गर्ने उम्मेदवारलाई मतदाताले चयन गर्नेमा आफू ढुक्क रहेको बताउनुभयो।



संयोजक दाहालले भन्नुभयो, "समृद्धितर्फको यात्रा निर्धारण गर्न यो निर्वाचन महत्वपूर्ण छ । उत्साहका साथ निर्वाचनमा सहभागी हुन आम मतदातालाई मेरो आग्रह छ।" रासस

# शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएकामा राष्ट्रपतिद्वारा सन्तोष प्रकट

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भइ मुलुकमा उत्पन्न जटिल परिस्थितिले निकास पाएकोमा सन्तोष प्रकट गर्नुभएको छ।

राष्ट्रपति पौडेलले निर्वाचन सफल बनाउन सक्रिय सरकार, निर्वाचन आयोग, सुरक्षाकर्मी, राजनीतिक दल, आम मतदाता, राष्ट्रसेवक कर्मचारी र सम्बद्ध सबै पक्षसहित सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा धन्यवाद प्रकट गर्नुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।रासस



# काठमाडौंका यी स्थानमा हुँदैछ मतगणना

काठमाण्डु । प्रतिनिधिसभा सदस्यको निर्वाचन विहीबार सम्पन्न भएसँगै मतगणना तयारी भइरहेको छ । काठमाडौंको क्षेत्र नं १ को मतगणना सहकारी विभागमा हुँदैछ।

त्यसैगरी क्षेत्र नं २ को कागेश्वरी मनोहरा नगरपालिकाको कार्यालय, क्षेत्र नं ३ को चामुन्डा माध्यामिक विद्यालय नारायणटार, क्षेत्र नं ४ को बूढानीलकण्ठ नगरपालिकाको कार्यालय र क्षेत्र नं को २ को ज्येष्ठ नागरिक कार्यालयमा गणना हुँदैछ।



क्षेत्र नं ५ को श्री समाज भवन टोखा नगरपालिका-५ को भवनमा र क्षेत्र नं ६ को तार्केश्वर नगरपालिका, धर्मस्थलीमा मतगणना हुने निर्वाचन आयोगले जनाएको छ । क्षेत्र नं ७ को जुडो हल नयाँबजार, क्षेत्र नं ८ को जनउद्धार मावि हरिसिद्धी, काठमाडौं, क्षेत्र नं ९ को चन्द्रगिरि नगरपालिका, बलम्बु र क्षेत्र नं १० को त्रिभुवन विश्वविद्यालय स्मृति भवन कीर्तिपुरमा मतगणना हुँदैछ ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : तपाईको उर्जा स्थिर रहला तर धैर्य जरुरी छ।
वृष : अधुरा काम पुरा गर्न राम्रो दिन हो । परिश्रमको फल मिल्ने सम्भावना छ।
मिथुन : सृजनात्मक काममा मन लाग्नेछ । साथीभाईसंग सहकार्यले फाइदा मिल्नेछ।
कर्कट : परिवारको साथले मन खुशी हुने दिने हो। आर्थिक पक्ष सुधारतर्फ लाग्नेछ।
सिंह : काममा नयाँ चुनौती आउन सक्छ । सकारात्मक सोचले सफलता दिलाउनेछ।
कन्या : संकल्प र मेहनतले काम अघि बढ्नेछ।
तुला : साझेदारी र सहकार्यमा लाभ मिल्नेछ। परिवारसंग रमाइलो समय बित्नेछ।
वृश्चिक : मनमा उत्साह बढ्नेछ। रोकिएका काम अघि बढ्ने सम्भावना छ।
धनु : नयाँ विचार र योजनाले काममा फाइदा दिनेछ। साथीभाईसंग राम्रो समय बित्नेछ।
मकर : परिश्रमले सम्मान दिलाउने दिन हो । काममा प्रगति देखिनेछ।
कुम्भ: सृजनात्मक सोच बढ्नेछ। सामाजिक र नयाँ सम्बन्ध बनाउन सकिने दिन हो।
मीन : शान्त र सकारात्मक दिन हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका
जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे
जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन
बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन
बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे



बाराको जीतपुरस्थित फकिरागिरी राजेश्वर गिरी मावि मतदान केन्द्रमा मतदान गर्न बिहानैदेखि लामबद्ध सर्वसाधारण। तस्बिर : रासस

# पत्रकारलाई निर्वाचनमा सहज रुपमा समाचार सङ्कलनको व्यवस्था गर्न महासंघको माग

काठमाण्डु । नेपाल पत्रकार महासङ्घले पत्रकारलाई मतगणनाको समाचार सङ्कलन रूपमा गर्ने व्यवस्थाका लागि निर्वाचन आयोग र नेपाल सरकारसँग माग गरेको छ।





महासङ्घले बुधबार विज्ञप्ति जारी गरी प्रतिनिधिसभा सदस्य निर्वाचनको समाचार सङ्कलनमा प्रशासनिक झन्झट व्यहोर्नुपरेको भनी देशभरबाट पत्रकार तथा सञ्चारगृहले गुनासो गरेको उल्लेख गर्दै सूचना विभाग तथा अन्य सरकारी निकायबाट जारी प्रेस पास, सम्बद्ध सञ्चारगृह वा नेपाल पत्रकार महासङ्घको परिचयपत्रका आधारमा मतदान, मतगणनाको समाचार सङ्कलनको व्यवस्था गर्न माग गरेको हो।

मतदानको अघिल्लो दिनसम्म पत्रकार र सञ्चारगृहले सहज रूपमा जनतासमक्ष सूचना पुऱ्याउने दायित्व पूरा गर्ने वातावरण नबनेकामा महासङ्घले दुःख व्यक्त गरेको छ। पारदर्शी, स्वच्छ, निष्पक्ष र स्वतन्त्र निर्वाचनका लागि नेपाली प्रेसजगत्को भूमिका रहिआएको सन्दर्भमा प्रेसलाई आफ्नो दायित्व निर्वाहमा सहजीकरण र समन्वय गर्नु सम्बद्ध निकायको कर्तव्य हुन आउने उल्लेख गर्दै महासङ्घले अन्यथा निर्वाचनप्रति नै आशङ्का सिर्जना हुन सक्नेतर्फ गम्भीर हुन महासङ्घ सम्बद्ध पक्षको ध्यानाकर्षणसमेत गराएको छ।

महासङ्घका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "निर्वाचनका क्रममा सबैखाले सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै पत्रकारको सुरक्षामा विशेष ध्यान दिन महासङ्घ माग गर्दछ र पत्रकारहरूसमक्ष सुरक्षित रूपमा कार्यथलोमा खटिन र तटस्थता कायम राख्दै निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिताको परिपालना गर्न आह्वान गर्दछ । यसतर्फ प्रेरित गर्दै आफ्ना सदस्यहरूका समस्या समाधानमा क्रियाशील हुन महासङ्घका सबै प्रदेश समिति, शाखा समिति र संस्थागत सदस्य संस्थाहरूलाई अपिल गरिन्छ।"रासस

# मतदान केन्द्रदेखि मतगणनास्थलसम्म अनुगमन

भक्तपुर । प्रतिनिधिसभा निर्वाचनको तयारीसँगै यहाँ जिल्ला सुरक्षा परिषद्सहितको टोलीले बुधबार जिल्लाका मतदान केन्द्रदेखि मतगणना स्थलसम्मको अनुगमन सम्पन्न गरेको थियो ।

मुख्य निर्वाचन अधिकृतको नेतृत्वमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुख तथा सञ्चारकर्मी सम्मिलित टोलीले मतदानस्थलको अवलोकन गरेको हो। त्यसै क्रममा क्षेत्र नं १ को मतगणना हुने स्थान विद्युत् प्राधिकरणको तालिम केन्द्र खरिपाटी र क्षेत्र नं २ को मतगणना हुने बोडेस्थित कृषि विकास बैङ्कको तालिम केन्द्रको अवलोकन गरिएको छ।

बोडेमा मतगणनाका लागि तारजाली, सिसी क्यामेरासहितको सुरक्षित स्थान निर्माण गरिएको प्रमुख जिल्ला अधिकारी उमेश ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार यस स्थानमा एकै पटक चार स्थानमा मतगणना गर्नेगरी तयारी गरिएको र खरिपाटीमा पनि चार स्थानमै गणना गर्ने तयारी पूरा गरेको जानकारी दिनुभयो ।

जिल्लाका सबै केन्द्रमा मतदान अधिकृतसहितको टोली सम्पूर्ण सामग्रीसहित यसअघि नै पुगेर सर्वदलीय र सर्वपक्षीय बैठक सम्पन्न गरी मतदानस्थलको तयारी पूरा गरेका छन् । प्रत्येक निर्वाचन केन्द्रमा छजना कर्मचारी र तीनजना स्वयंसेवक खटाइएको छ । मतदान सम्पन्न गर्न जिल्लामा एक हजार ४०० कर्मचारी र ७०० स्वयंसेवक खटाइएको प्रजिअ ढकालले जानकारी दिनुभयो ।

भक्तपुरमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न गर्न निर्वाचन प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना गरी तीन हजार बढी सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिँदै उहाँले अधिकांश मतदान केन्द्रमा सुरक्षालाई मध्यनजर गर्दै सिसी क्यामेराको व्यवस्था गरिएको, ५० बढी सुरक्षाकर्मीको मोबाइल टोलीका गाडी खटाइएको, कुनै घटना भएर पाँच मिनेटभित्र थप सुरक्षा फौज पुग्न सक्ने गरी तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।

मुख्य निर्वाचन अधिकृत नवराज दाहाल, प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, २ नं क्षेत्रकी निर्वाचन अधिकृत राधिका सुवाल, प्रमुख सेनानी निरज प्रताप जबरा, प्रहरी उपरीक्षक सूर्यबहादुर खड्का, सशस्त्र प्रहरी उपरीक्षक वासुदेव महत, उपअनुसन्धान निर्देशक हेमन्त कार्की, सहायक प्रमुख जिल्ला अधिकारी सुरेश आचार्य, जिल्ला निर्वाचन कार्यालय भक्तपुरका प्रमुख प्रकाश मगरलगायतको टोलीले अनुगमन गरेको थियो।

दुई निर्वाचन क्षेत्र रहेको भक्तपुरको क्षेत्र नं १ र २ मा गरी कुल ७६ वटा मतदानस्थलमा २३३ मतदान केन्द्र निर्धारित गरिएका छन् । भक्तपुर क्षेत्र नं १ मा ३७ मतदानस्थलमा ११९ मतदान केन्द्र तथा क्षेत्र नं २ मा ३९ मतदानस्थल र ११४ मतदान केन्द्र निर्धारण गरिएको छ ।

**बोडे मतदान केन्द्रमा महिला कर्मचारी**

निर्वाचनका लागि मध्यपुरथिमि बोडेस्थित कृषि विकास बैङ्कको तालिम केन्द्र मतदान केन्द्रको सम्पूर्ण जिम्मेवारी महिला कर्मचारीले निर्वाह गर्ने भएका छन् । निर्वाचन क्षेत्र नं २ की मतदान अधिकृत राधिका सुवालले यस केन्द्रमा निर्वाचन सम्पन्न गराउने सम्पूर्ण जिम्मेवारी महिला कर्मचारीले लिएको जानकारी दिँदै सुरक्षाकर्मीसमेत महिला मात्रै खटिएको बताउनुभयो । रासस

## प्रतिनिधिसभा सदस्य निर्वाचन :

# कैदीबन्दीले गरे मतदान

जलेश्वर । प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत जिल्ला सदरमुकाम जलेश्वरमा अवस्थित जलेश्वर कारागारमा मतदान सम्पन्न भएको छ।

मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीका अनुसार कैदीबन्दीको लागि अस्थायी मतदान केन्द्र कायम गरिएको कारागार कार्यालय जलेश्वरमा ३० मिनेटमै मतदान सम्पन्न भएको हो। तीन सय ९१ जना कैदीबन्दी रहेको जलेश्वर कारागारमा मात्र २१ जना कैदीबन्दी मतदाता रहेको थियो भने ती सबै २१ जना मतदाता कैदीबन्दीले अस्थायी मतदान केन्द्र जलेश्वर कारागारमा सत प्रतिशत मतदान सम्पन्न गरेको मतदान अधिकृत अशोककुमार क्षेत्रीले बताउनुभयो।





जिल्ला जम्मा तीन वटा अस्थायी मतदान केन्द्र कायम गरिएको यसमध्ये कारागार कार्यालय जलेश्वर मतदान केन्द्रको मतदान सत प्रतिशत सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताउनुभयो । उहाँले अहिले जिल्लाभरि शान्तिपूर्ण मतदान भइरहेको र अहिलेसम्म १० प्रतिशत मतदान भइसकेको बताउनुभयो।

**राजविराज करागारमा कैदीबन्दीद्वारा मतदान**

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत राजविराजस्थित कारागारमा मतदान सम्पन्न भएको छ । मतदान अधिकृत उमेश आर्यालयका अनुसार कैदीबन्दी र त्यहाँ रहेका कर्मचारीसहित ६८ जनाले मतदान गरेको छ । सुरक्षा व्यवस्थालाई चुस्त बनाएर मतदान गर्ने वातावरण मिलाएर जम्मा ६९ मतदाता कैदीबन्दी रहेको यस करागारमा ६६ जनाले मात्र समानुपातिक तर्फको मत खसालेको उहाँले जानकारी दिनुभयो । त्यसमध्ये दुई जना कर्मचारीले मतदान गरेका छन् । करागारमा रहेका दुईजना मतदाता कैदी निर्वाचन हुनु अगाडि कैद भुक्तान भएको र एकजना कैदी अन्यत्र करागारमा सरुवा भएका कारण तीन जना कैदीको मत यहाँ खसेन । करागारको निमित जेलर सुशील कर्णका अनुसार २१ जना महिलासहित करागारमा अहिले ३५२ जना कैदी बन्दी रहेको छ। कैदीबन्दीलाई पनि मतदान गर्ने अधिकार हुने हुँदा कारगारमै एउटा मतदानस्थल निर्माण गरी मतदान गराइएको छ ।

**बागलुङ कारागारमा मतदान सम्पन्न**

५५ मतदाता रहेको बागलुङ कारागारको अस्थायी मदतान केन्द्रमा मतदान सम्पन्न भएको छ। ५३ कैदीबन्दी र दुई कर्मचारी गरी जम्मा ५५ मतदाता रहेको जिल्ला कारागार बागलुङमा ५३ मत खसेको छ । समानुपातिक प्रणालीको मात्रै मतदान हुने केन्द्रमा ९६।३६ मत खसेको मतदान अधिकृत धीरेन्द्रराज पन्तले जानकारी दिनुभयो।

बागलुङ कारागारमा रहेकामध्ये मतदाता परिचयपत्रमा नाम भएका ५३ जना कैदीबन्दीमध्ये एक जना स्थानान्तरण र एक जना कैद मुक्त भइसकेकाले ५१ जना कैदीबन्दी र दुई कर्मचारीले मतदान गरेका छन् । मतदान सम्पन्न भएपछि दलका प्रतिनिधिको रोहबरमा मतपेटिका बुझाउने प्रक्रिया थालिएको छ । बागलुङमा दुई अस्थायी मतदान केन्द्र र १०७ मतदानस्थल र २३० स्थायी मतदान केन्द्रमा कूल एक लाख ९३ हजार ३८१ जना मतदाता छन् ।

**कास्की कारागारमा शतप्रतिशत मत खस्यो**

कास्कीको कारागार कार्यालयमा रहेका अस्थायी मतदान केन्द्रमा शतप्रतिशत मत खसेको छ।

कारागारमा निर्वाचन आयोगको नामावलीमा सूचीकृत ३८ जना रहेकोमा एकजना धरौटीमा छुटेका कारण ३७ जना मात्रै मतदाता रहेका थिए।

यस केन्द्रमा ३७ जना नै मतदाताले मतदान गरेको मतदान अधिकृत गोविन्द श्रेष्ठले जानकारी दिनुभयो । यस मतदान केन्द्रमा तीन जना कर्मचरीले पनि मतदान गरेका कारण कूल ४० जनाले मतदान गरेको उहाँले बताउनुभयो ।

कारागारमा ६९७ जना कैदीबन्दी रहेपनि ३८ जनाको मात्रै मतदाता नामावलीमा नाम रहेको थियो । जिल्लामा सबै मतदान केन्द्रमा शान्तिपूर्ण रुपमा मतदान भइरहेको निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो ।

कास्की जिल्लामा दुई अस्थायी मतदान केन्द्रसहित ३६५ मतदान केन्द्र र १५३ मतदानस्थल रहेका छन् । बिहान ७ बजेदेखि सुरु भएको मतदान बेलुका ५ बजेसम्म चल्नेछ ।

**वीरगञ्ज कारागारका ३२ कैदीबन्दीद्वारा मतदान**

पर्साको वीरगञ्ज कारागारमा रहेका ३२ जना कैदीबन्दीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ मतदान गरेका छन् । आज यहाँस्थित कारागार परिसरमा राखिएको अस्थायी मतदान केन्द्रमा ३७ जना कैदीबन्दीमध्ये ३२ जनाले मतदान गरेका हुन् । वीरगञ्ज कारागारका मतदान अधिकृत यादवकुमार जोशीले ३२ जना कैदीबन्दीले मतदान गरेको जानकारी दिनुभयो । यहाँ कारागार कर्मचारी र सुरक्षाकर्मी ३० जना, निर्वाचन खटिएका कर्मचारी तीन जना गरी कूल ७० मतदाता रहेका छन् । यहाँ एक हजार २०० भन्दा धेरै कैदीबन्दी तथा पूर्पक्षका लागि थुनामा भए पनि अधिकांशको मतदाता नामावलीमा नाम नभएपछि नगन्य मात्रामा मात्रै मत खसेको हो ।

यही केन्द्रबाट कैदीबन्दीले समानुपातिक तर्फको मतदान गरेका हुन् । यस्तै पर्साका विभिन्न सरकारी कार्यालयमा कार्यरत कर्मचारी तथा सुरक्षाकर्मीले यहाँको जिल्ला हुलाक कार्यालयमा तोकिएको मतदान केन्द्रमार्फत मतदान गर्दैछन् । यहाँ भने एक हजार ९० जना अस्थायी मतदाता छन् ।

**सुर्खेत कारागारामा मतदान सम्पन्न**

सुर्खेत जिल्ला कारगारमा रहेका सवै मतदाताले मतदान गरेका छन । कारगारमा १०३ मतदाता रहेकोमा केहि सजाय भुक्तान गरि छुटेका र केहि अन्यत्र कारागरमा सरूवा भएका गरि १५ नभएको जिल्ला कारागर कार्यालयले जनाएको छ । बाकी रहेका ८८ मतदाताले मतदान गरि सकेको प्रदेश निर्वाचन कार्यालय सुर्खेतका प्रमुख लालबहादु गुरूङले बताउनुभयो ।

८८ मतदातामा ८ महिला र ८० पुरूषरहेका छन । कारागारमा रहेका सवै मतदाताले मतदान गरे पनि आयोगले पाच वजेसम्म समय तोकेकाले उक्त समयसम्म बस्नुपर्ने प्रमुख गुरूङले बताउनुभयो । सुर्खेतमा दुई अस्थायी सहित १ सय ४२ मतदान स्थल र ३ अस्थायी सहित ३०५ मतदान केन्द्र छन ।रासस

# लोकतान्त्रिक व्यवस्थामा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान हो: निर्वाचन आयुक्त भण्डारी

काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले लोकतान्त्रिक व्यवस्थामा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान भएको बताउनुभएको छ।

विहीबार भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा अपिल जारी गर्दै उहाँले हरेक मतदाताले निर्वाचनमा खसाल्ने एक-एक मतले राजनीतिक व्यवस्थाको स्वरूप निर्धारण, शासन, सरकार, नीति र नेतृत्व कस्तो हुने भन्ने तय गर्ने भएकाले निर्वाचनको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभएको हो। उहाँले यस्तो महत्त्वपूर्ण अनुष्ठानमा सहभागी भएर सम्पूर्ण मतदाताले आ-आफ्नो अधिकार सुरक्षित गर्ने विश्वास व्यक्त गर्नुभएको छ। यस्तो अनुष्ठानमा सहभागी हुनु हरेक सार्वभौम अधिकार सम्पन्न मतदाताको कर्तव्य पनि भएको उहाँको अपिलमा उल्लेख छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जारी गर्नुभएको अपिलको पूर्णपाठ यहाँ प्रस्तुत गरिएको छः

**आदरणीय बा, आमा, दाजुभाइ तथा दिदीबहिनीहरू**

- गत भदौ २३ र २४ गते भएको नवयुवाहरूको विद्रोहपछि विकसित विषम परिस्थितिमा सम्पन्न हुन गइरहेको यो आकस्मिक प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ ले नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई अझै सुदृढ एवं परिपक्व बनाउने विश्वास लिएको छु।

-प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आवश्यक पर्ने निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी गराउँदछु।

- निर्वाचनमा मतदाता र मतदान सर्वाधिक महत्त्वपूर्ण हुन्छ । निर्वाचनमा कुनै उम्मेदवार, व्यवस्था वा पक्षलाई चुन्न मतदाताले दिने सहमति वा स्वीकृति नै मतदान हो। संविधान र कानुनबमोजिम निश्चित उमेर पूरा भएको



नागरिक मतदाता हुन्छन् र सबै मतदाताको मतको मूल्य बराबर हुन्छ। त्यसैले मतदानलाई मतदाताको नैसर्गिक अधिकार मानिन्छ।

- राजनीतिक व्यवस्थाको स्वरूप निर्धारण, शासन, सरकार, नीति र नेतृत्व कस्तो हुने भन्ने निर्धारण हरेक मतदाताले निर्वाचनमा खसाल्ने एक-एक मतले तय गर्ने भएकाले लोकतान्त्रिक व्यवस्थामा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान हो।

- यो अनुष्ठानमा सहभागी भएर सम्पूर्ण मतदाताले आ-आफ्नो अधिकार सुरक्षित गर्नु हुनेछ भन्ने विश्वास लिएको छु। यो अनुष्ठानमा सहभागी हुनु हरेक सार्वभौम अधिकार सम्पन्न मतदाताको कर्तव्य पनि हो।

- कुनै पनि निर्वाचनमा मतदाताको सहभागितालाई राजनीतिक सचेतना, सामाजिक जिम्मेवारी र नागरिक संलग्नताको उच्चतम अभिव्यक्तिका रूपमा लिने गरिन्छ। जब नागरिकहरू आफ्ना अधिकारप्रति सचेत र जागरुक भएर मतदाताका रूपमा दर्ता हुनुहुन्छ र निर्वाचनमा सुसूचित मतदाता भएर आफ्नो सहभागिता जनाउनुहुन्छ तब मात्र शासनप्रतिको नागरिक अपनत्व बढ्दै जान्छ।

- निर्वाचन आयोग निर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिई आस्था, विचार, सिद्धान्त र निष्ठाबाट निर्देशित एवं परिचालित हुने छ ।रासस

# हातहतियारको होडबाजीविरुद्धको अन्तरराष्ट्रिय दिवस


काठमाण्डु । विहीबार निःशस्त्रीकरण तथा अप्रसार सचेतना अन्तरराष्ट्रिय दिवस हो । हातहतियारको होडबाजी नियन्त्रण, आणविक अप्रसार र शान्ति सुरक्षासम्बन्धी चेतनामूलक कार्यक्रमका साथ विश्वका विभिन्न देशमा यो दिवस मनाईंदैछ।

संयुक्त राष्ट्रसङ्घको महासभाले ७ डिसेम्बर २०२२ मा यससम्बन्धी प्रस्ताव पारित गर्दै हरेक वर्ष ५ मार्चलाई हातहतियारको होडबाजीविरुद्धको दिवसका रूपमा मनाउने निर्णय गरेअनुसार यो दिवस पहिलो पटक ५ मार्च २०२३ मा औपचारिक रूपमा मनाइएको हो ।

कोभिड-१९ पछिको विश्व परिवेशमा बढ्दो द्वन्द्व, सैन्य खर्चमा वृद्धि तथा आणविक जोखिमका चुनौतीले शान्ति प्रक्रियालाई अझ जटिल बनाएको सन्दर्भमा यस दिवसको महत्व झनै बढेको छ। विज्ञहरूका अनुसार निःशस्त्रीकरण केवल युद्धको अन्त्य मात्र होइन, दिगो शान्तिको आधार पनि हो । यसले मानव सुरक्षा, आर्थिक विकास र सामाजिक स्थायित्वमा सकारात्मक प्रभाव पार्ने विश्वास राष्ट्रसङ्घले व्यक्त गरेको छ।

निःशस्त्रीकरण केवल सैन्य वा राजनीतिक मुद्दा मात्र नभई दिगो विकास, मानव अधिकार र साझा समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। त्यसैले अन्तरराष्ट्रिय सहकार्य र संवादमार्फत मात्र दीर्घकालीन शान्ति सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ।

यसै अवसरमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले विश्व समुदायलाई निःशस्त्रीकरणतर्फ ठोस र तत्काल कदम चाल्न आह्वान गर्नुभएको छ। उहाँले युद्धका लागि होइन, शान्तिका लागि स्रोत र शक्ति परिचालन गर्नुपर्ने आवश्यकता औंल्याउँदै कूटनीतिक संवाद, आपसी विश्वास र बहुपक्षीय सहकार्यलाई सुदृढ बनाउन सदस्य राष्ट्रहरूलाई आग्रह गर्नुभएको छ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# सरकारलाई धन्यवाद

अनेक बाधा, आशंकालाई चिर्दै नेपालमा बिहीबार मतदान सम्पन्न भएको छ । निर्धारित समयमै निर्वाचन हुनेमा धेरैको विश्वास थिएन । तर सरकारले चुनाव गराइ छाड्ने दृढताबाट डगमगाएन । कयौं असन्तुष्टिको बाबजुद पनि दलहरु चुनावमा सहभागी भए । हुन त विगतको निर्वाचन जस्तो यस पटकको चुनाव भएन । परिवर्तनका लागि चुनाव भएको केही दलहरुले नारा दिए। केही दलहरुले सुशासन र पारदर्शीता प्रति प्रतिबद्धता जनाए । केही नयाँ दलहरुले पनि नयाँ विचार राखेर चुनावमा सहभागी भए। पुराना दलहरुले पनि परिवर्तनको लागि भने नारा दिए । नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपालले पनि नयाँ नाराहरु दिएर मतदातालाई आकर्षित गर्ने प्रयास गरे। चुनावमा सबै दलको आ-आफ्नै धारणा हुन्छ। देशमा प्रमुख रुपमा कांग्रेस, एमाले, नेकपालाई विस्थापित गर्न रास्वपाले परिवर्तनको नारा दिए । त्यो नारा चुनाव प्रचारको क्रममा प्रभावकारी पनि देखिए। तर त्यसको यथार्थता मतगणनापछि नै थाहा हुनेछ। चुनाव प्रचारको क्रममा एमालेका उम्मेदवारहरुले यस पटक अध्यक्ष केपी शर्मा ओलीको नाम र फोटो आफ्नो प्रचार सामग्रीमा समावेश गरेनन्। एमालेका अध्यक्ष ओली यस पटक चुनावमा विपक्षी दलहरुको तारो बने । उनलाई चुनौती दिन रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन साह) झापा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ५ बाट नै उम्मेदवारी दिएका थिए। ओली र बालेन बीचको प्रतिस्पर्धा र सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ मा कांग्रेसका युवा सभापति गगन कुमार थापा र रास्वपाका उम्मेदवार डा. अमरेश कुमार सिंह बीचको प्रतिस्पर्धाले पनि सबैको ध्यान ताने। थापा र साह प्रधानमन्त्रीको रुपमा प्रस्तावित भइसकेका छन्। कांग्रेस र रास्वपा मध्ये एउटाले सरकारको नेतृत्व गर्ने निश्चित जस्तै देखिएको छ। कांग्रेसको सरकार बने थापा र रास्वपाको नेतृत्वमा सरकार बने साह प्रधानमन्त्री हुने छन्। नेकपाका संयोजक प्रचण्ड, सह संयोजक माधव कुमार नेपालको निर्वाचन क्षेत्रले धेरै चर्चा पाएन। हुन त एकल सरकार बनाउने जनादेश कुनै दललाई प्राप्त हुने सम्भावना छैन। विगतको जस्तै मिलिजुली सरकार बन्ने संकेत देखिएको छ। मतदान विथोल्ने र प्रभावित गर्नेहरु उपर सरकारले कडा निगरानी गरेको थियो। सुरक्षाको भरपर्दो व्यवस्था गरिएकोले चुनावमा बाधा पुऱ्याउनेहरु निष्प्रभावी देखिए। चुनावको परिणाम प्राप्त भएसंगै नयाँ सरकार गठनको प्रक्रिया शुरु हुनेछ। प्रतिनिधि सभाको चुनावबाट प्रत्यक्ष र समानुपातिक समेत गरी कुल २ सय ६५ जना निर्वाचित हुनेछन् । अपवाद बाहेक सौहाद्रपूर्ण वातावरणमा चुनाव सम्पन्न गराउने प्रधानमन्त्री सुशीला कार्कीलाई बहुत बहुत धन्यवाद।

# चुनावी राजनीतिभित्र दलित मुक्तिको प्रश्न



● घम्बर नेपाली

राजनीतिको मूल ध्येय सत्ता प्राप्ति हो । सत्ता हासिल गर्ने मूलतः दुई तरिका छन्- एउटा चुनावी मोर्चा, अर्को विद्रोहको मोर्चा। विद्रोहको मोर्चा प्रायः हिंसात्मक हुन्छ । त्यस्तो हिंसामा कयौँ मानिसको बलिदान हुन सक्छ। निकै कष्टसाध्य यात्रा पार गरेर मात्र विद्रोहको माध्यमबाट सत्ता हासिल हुन्छ या बीचमै तुहिने सम्भावना पनि उत्तिकै रहन्छ।

विद्रोह सफल हुन वस्तुगत परिस्थिति, जनसमर्थन, नेतृत्व क्षमतादेखि रणनीतिक कौशलता, कार्यनीतिक चाललगायत धेरै पाटापक्षहरूको सन्तुलन हुन जरुरी हुन्छ। त्यसैले सत्ता प्राप्तिका लागि विद्रोहको बाटो निकै कम प्रयोग हुने भए पनि अन्तिम उपायका रूपमा धेरै प्रयोग भएको पाइन्छ। नेपालमा ००७ सालको क्रान्ति, ०४६ सालको जनआन्दोलन, माओवादी जनयुद्ध, दोस्रो जनआन्दोलन, जेनजी विद्रोह सत्ता प्राप्तिका लागि भएका विद्रोही तरिकाहरू हुन्।

सत्ता प्राप्तिको सर्वव्यापी प्रचलित उपाय भने चुनावी मोर्चा हो। यो प्रायः हिंसारहित हुन्छ। बालिग नागरिकहरूको व्यापक सहभागिता चुनावको मेरुदण्ड हो । त्यसकारण आधुनिक राज्य प्रणालीमा सत्ता हासिल गर्ने वैधानिक उपायका रूपमा चुनाव झन्डै सर्वस्वीकार्य जस्तै छ।

खासगरी लोकतान्त्रिक व्यवस्था अपनाइने राज्यहरूमा चुनावलाई प्राण वायुको रूपमा लिने गरिन्छ । निश्चित अवधिभित्र वायु लिएर शासन व्यवस्थालाई सजीव राखिराख्ने उत्तम उपायको रूपमा चुनावलाई विश्वभरि करिब सबै देशहरूमा प्रयोग गरिन्छ । प्रतिनिधिमूलक सरकारका लागि १७औँ शताब्दीतिर युरोप र अमेरिकाबाट चुनावको सुरुवात भएको थियो।

नेपालमा जनताले मतदान गरेको पहिलो चुनाव ०१५ सालको हो। त्यसयता ६ वटा पञ्चायतकालीन, ३ वटा बहुदलीय व्यवस्थाताका, २ वटा संविधानसभा निर्वाचन र २ वटा चुनाव ०७२ को संविधान जारी भइसकेपछि सम्पन्न भएका छन् । हाल जेनजी विद्रोहपछि सुशीला कार्की नेतृत्वको सरकारले प्रतिनिधिसभाको चुनाव गराउन लागेको छ।

### दलित समुदाय र चुनावको अर्थ

विकासको दृष्टिले सबैभन्दा पिँधमा परेको छ दलित समुदाय। गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारलगायत मानव विकास सूचकाङ्कको पुछारमा दलित समुदाय पर्छ । जलवायु परिवर्तन, प्राकृतिक प्रकोप तथा अरू जुनसुकै विपद्को पहिलो जोखिममा छन् दलितहरू। नेपालका सुकुम्बासीहरूमध्ये बहुसङ्ख्यक दलितहरू पर्छन्।

भूमिहीनमध्ये दलितहरू नै अधिक सङ्ख्यामा छन् । अर्थात् गरिबीको रेखामुनि रहेका को रहेछन् भनेर आँकडा हेर्‍यो भने सजिलै दलित समुदायलाई बेसी देख्न सकिन्छ। यी सबै समस्या गैरदलितहरूले पनि थोरबहुत भोग्दै आइरहेका छन् । दलितहरूको सबैभन्दा पीडादायी समस्या हो, आत्मसम्मानको।

समाजमा दलितहरूमाथि निश्चित जातमा जन्मिएकै आधारमा अझै पनि विभेद र छुवाछूत गरिन्छ। यस्तो अमानवीय र घृणित व्यवहारले गर्दा आज ४० लाखभन्दा धेरै दलितहरू अमान्छेको जीवन जिउन अभिशप्त छन्।

चुनाव राज्यसत्ता प्राप्त गर्ने वैधानिक मार्ग भएकाले यसको अर्थ दलित समुदायका लागि सबैभन्दा धेरै हुनुपर्ने हो । किनकि दलित मुक्तिको प्रश्न पनि राज्यसत्तासँगै अभिन्न रूपमा जोडिएको छ। जहिलेसम्म दलित समुदायको पक्षमा वा नेतृत्वमा राज्यसत्ता हुँदैन, जात व्यवस्थाको समस्या हल हुने कुनै छेकछन्द देखिँदैन।

चुनावबाट बन्ने विधायिकाले कानुन बनाउने हो। त्यस्तो अब्बल कानुन जसले जातीय विभेद र छुवाछूतलाई निमिट्यान्न पार्न सक्छ। त्यस्तो अधिकार जसले दलितलाई ऐतिहासिक क्षतिपूर्तिसहित विशेषाधिकार दिन सक्छ । त्यस्तो राज्य संयन्त्र जहाँ दलित समुदायलाई अरूसरह समान हुन पहिलो प्राथमिकता दिइन्छ। यी र यस्ता कयौँ कानुन मात्र होइन, संविधान नै फेर्ने ल्याकत राख्छ चुनावले।

तथापि यहाँनेर एउटा गम्भीर प्रश्न उठ्छ- यति धेरै सम्भावना बोकेको चुनावले किन नेपालमा दलितहरूको मुक्तिका लागि काम गरेन त ? त्यसका लागि फेरि हाम्रो राज्य शक्तिको संरचना र त्यसको दलित सम्बन्धलाई ऐतिहासिक दृष्टिबाट नियाल्नुपर्ने हुन्छ।

आधुनिक राज्यको जग पृथ्वीनारायण शाहको राज्य विस्तारसँगै सुरु भएको हो। ०६३ सम्म शाह वंशकै प्रत्यक्ष-परोक्ष सत्तामाथि वर्चस्व रहिरह्यो । त्यसबीचमा १०४ वर्ष राणाहरूको कब्जामा राज्यसत्ता पुग्यो। ००७ सालपछिका केही वर्ष र ०४६ सालपछि भने राजनीतिक दलहरूले आफ्नो नेतृत्वमा सत्ता चलाउने अवसर पाए।

जो सुरुमा विद्रोहमार्फत र त्यसपछि चुनावमार्फत सत्ता चलाउँदै आएका छन् । ती सबै क्रान्ति र चुनावको नेतृत्व गर्ने निर्णायक भूमिकामा गैरदलित र मूलतः आर्य, खसहरूकै वर्चस्व रहँदै आएको छ। जसको प्रत्यक्ष प्रभाव संसदीय चुनावमा पर्ने गर्छ र उनीहरूले बनाउने नीति र नेतृत्वमा दलितहरू जहिल्यै सीमान्तकृत हुनुपरेको यथार्थ छर्लङ्ग छ।

अर्को महत्त्वपूर्ण पाटो भनेको वर्गीय उत्थानसँग जोडिन्छ। सत्ता स्रोतमाथि नियन्त्रण गर्ने साधन भएकाले साझेदार बनाउँदा आफ्नो वर्चस्व गुम्ने डर देख्छन्। यही निश्चित जात, वर्ग, लिङ्ग, क्षेत्र, धर्मको आडमा संरचनागत लाभांश लिइरहने वर्चस्वशाली मानसिकता नै दलितका लागि चुनाव अर्थपूर्ण नहुनुको खास कारण हो।

### दलितको योगदान र अधिकारको दाबी

त्यसो त दलितहरूले यो देश निर्माणमा गैरदलित जत्तिकै र श्रमको क्षेत्रमा कयौँ गुणा धेरै योगदान गर्दै आएका छन् । किनकि वर्ण व्यवस्था कानुनअनुसार दलितहरूको जिम्मेवारी सेवा गर्ने थियो । नेपालको राज्य विस्तारदेखि हालसम्म पनि दलितहरूले यो भूमिका इमानदारीपूर्वक निर्वाह गर्दै आइरहेका छन् । ००७ सालमा देशमा प्रजातन्त्र आइसकेपछि दलितहरू पनि फ्याट्टफुट्ट राजनीतिमा देखिन थाले।

पञ्चायतकालमा राजाले एक-दुई दलितलाई टिपेर मन्त्री पनि बनाइदिए। बहुदलीय व्यवस्थासम्म आइपुग्दा एक-दुई जना दलितहरू सांसद बन्न सफल भए। नेपालको पहिलो संविधानसभामा भने पहिलोपटक ७ प्रत्यक्ष र ४३ जना समानुपातिक गरी ५० जना दलितहरू सभासद् बने। जुन ऐतिहासिक सुरुवात थियो।

तर दोस्रो संविधानसभादेखि यो प्रक्रिया ओरालो लाग्यो । चुनावपछि बनेका हरेक सरकारमा एक जना मन्त्री बन्न पनि दलितलाई निकै कठिन हुँदै आयो ।अहिले प्राप्त सीमित राजनीतिक उपलब्धि पनि दलितहरूले कुनै दयामायामा पाएका होइनन् । बरु गैरदलितकै दाँजोमा र त्योभन्दा बेसी योगदान र बलिदानको उपज हो । माओवादी जनयुद्धमा मात्र एक हजार ६ सय ८७ जना दलितहरूको बलिदान भएको छ। दोस्रो जनआन्दोलनमा ३ जना दलितहरूको शहादत भएको थियो ।गत जेनजी विद्रोहमा पनि ६ जना दलितहरूले रगत बगाएका छन्। ती विद्रोह, क्रान्ति र आन्दोलनको अग्रमोर्चामा लड्दालड्दै उनीहरूले आफ्नो बलिदान दिनुपरेको हो। विडम्बना, ती क्रान्ति र आन्दोलन हाँक्ने दलको निर्णायक तहमा दलितहरू कहिल्यै भएनन्।

### दलहरूको उपेक्षा

सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा देश गइसकेपछि नेपालमा दलहरू ह्वात्तै बढेका छन् । अझ यसो भनौँ- हाम्रो निर्वाचन प्रणालीले पनि दलहरूको सङ्ख्या बढाउन मद्दत गरेको छ। हाल निर्वाचन आयोगमा १३७ राजनीतिक दल दर्ता भएका छन् । जसमध्ये ६५ राजनीतिक दलले आसन्न प्रतिनिधिसभाको निर्वाचनका लागि प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन्।

यसअन्तर्गत राजनीतिक दल र स्वतन्त्र गरी जम्मा ३,४०६ उम्मेदवारी दर्ता भएका छन्। तीमध्ये २३२ (६.८१ प्रतिशत) जना दलित उम्मेदवार रहेका छन्। जसअन्तर्गत नेकपा (एमाले) बाट २ जना, नेपाली कांग्रेसबाट १ जना, नेपाली कम्युनिस्ट पार्टीबाट २ जना, राष्ट्रिय स्वतन्त्र पार्टीबाट २ जना, जनता समाजवादी पार्टी नेपालबाट ७ जना, श्रम संस्कृति पार्टीबाट ८ जना, जनमत पार्टीबाट १ जना, नागरिक उन्मुक्ति पार्टीबाट १ जना, उज्यालो नेपाल पार्टीबाट ४ जना, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट ६ जना र नेकपा (माओवादी) बाट २० (१५.३८ प्रतिशत) जनाले उम्मेदवारी दर्ता गराएका छन्।समानुपातिकतर्फ भने १३.८ प्रतिशत प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ मा किटान गरिएको हुँदा सोहीअनुसारको बन्दसूची बुझाउन दलहरू बाध्यकारी छन्।

यहाँनेर दलहरू दलितप्रति कति उदार, संवेदनशील, समावेशी, लोकतान्त्रिक वा प्रतिबद्ध रहेछन् भनेर जाँच्ने एउटा कसी प्रत्यक्ष निर्वाचनमा उनीहरूको उम्मेदवारी हो। कम्तीमा पनि हरेक दलले १३.८ प्रतिशत उम्मेदवार दलित समुदायबाट उठाउनुपर्ने हो । अझ दलित मुक्तिलाई छिटो सम्भव बनाउनुपर्छ भन्ने दलहरूले २०/२५ प्रतिशत उम्मेदवारी सुनिश्चित गरिनुपर्ने हो।

अफसोच, देशको ठूलो पार्टी मानिएको एमालेले जम्मा २ जना मात्र उम्मेदवार दलितलाई बनाउँछ। ०६४ सालको संविधानसभा चुनावमा ७ जना प्रत्यक्ष निर्वाचित गराएको तत्कालीन माओवादी (हाल नेपाली कम्युनिस्ट पार्टी) ले जम्मा २ जना मात्र उम्मेदवार दलित उठाउनु प्रतिगमन नभए के हो ?

आफूलाई सर्वाधिक लोकतान्त्रिक पार्टी दाबी गर्ने नेपाली कांग्रेसले एक जना मात्र दलित उम्मेदवार बनाउन कस्तो लाजसरम नलागेको ? आफूलाई वैकल्पिक दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीले जम्मा २ जना दलित मात्र योग्य देखेको हो ?

जेनजी विद्रोहपछि नयाँ दलको रूपमा उदाएका भनिएका उज्यालो नेपाल पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टीहरूको हालत पनि पुराना दलहरूभन्दा तात्त्विक रूपमा भिन्न देखिएन। विप्लव नेतृत्वको नेकपा (माओवादी) अपवाद बनेको छ। यो दलित समुदायमाथि गैरदलित नेतृत्वको उपेक्षा मात्र होइन, निरन्तर वर्चस्वको पुनरावृत्ति पनि हो।

### निष्कर्ष

लोकतन्त्रको एउटा बलियो खाँबो हो, सामाजिक न्याय । समाजमा ऐतिहासिक विभेद र अन्यायमा पारिएका जात, जाति, लिङ्ग, समुदायलाई मूलधारमा नल्याएसम्म सामाजिक न्यायको खाँबो दरिलो हुन सक्दैन। अझ राज्यबाटै लादिएको उत्पीडनको पिँधमा परेका दलित समुदायलाई कमसेकम पनि समान हैसियतमा रूपान्तरण गर्न नचाहने दलहरू कसरी लोकतान्त्रिक हुन सक्छन् ?

झन्डै एक चौथाइ जनसङ्ख्याको सहभागिताविना कसरी लोकतन्त्र सुदृढ हुन सक्छ ? सहभागिता केवल भोट हाल्ने मात्र होइन, उनीहरूको शासन सञ्चालनमा न्यूनतम समानुपातिक हिस्सेदारी हो।

नेपालको संविधान, २०७२ ले नै सबै व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक ग्यारेन्टी गरेको छ । मौलिक हकभित्रै समानताको हक, सामाजिक न्यायको हक, स्वतन्त्रताको हकहरू व्यवस्था गरेको छ । मौलिक हकअन्तर्गत नै दलित हकमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक सुनिश्चित गरिएको छ।

यसरी हेर्दा हरेक दलले दुवै निर्वाचन पद्धतिमार्फत दलितलाई समानुपातिक प्रतिनिधित्व नगराउनु गैरसंवैधानिक देखिन्छ । तथापि नेपाली दलहरू कानुनी छिद्रहरूमा नै खेल्न माहिर भइसकेकाले कानुनमा किटेर नलेख्दासम्म दलितमुखी बन्ने सम्भावना फिटिक्कै देखिएन।

खासगरी विद्यमान दलहरू र उनीहरूमार्फत सञ्चालन हुँदै आएको राज्यको चरित्रलाई हेर्दा दलितमैत्री र संवेदनशील पाउन निकै कठिन छ। केही टाँठाबाठा तरमारा, धनाढ्य, कुलीन गैरदलितहरूको मात्र हालिमुहाली हुने निर्वाचन दलितका लागि 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' जस्तो हुँदै आएको छ।

तीन हजार वर्षदेखि कानुन बनाएरै पाखा लगाइएका दलित समुदायलाई ऐतिहासिक क्षतिपूर्तिसहित विशेषाधिकारको नीति लागू गर्न सके सारभूत रूपमा न्यायको अनुभूति हुनेछ। त्यस प्रकारको नीति, नेतृत्व र व्यवहारले मात्र दलित समुदायलाई आफू अनुकूलको कानुन निर्माणदेखि शासन गर्ने थलोमा हिस्सेदारी सुनिश्चित गर्नेछ।

दलितलाई 'भोट बैंक'को रूपमा मात्र हेर्ने औपचारिक चुनावले वास्तविक दलित मुद्दालाई हल गर्ने ल्याकत राख्नै सक्दैन। बरु यसले देशलाई थप द्वन्द्व र अस्थिरतातिर धकेल्ने निश्चित छ ।(लेखक दलित अध्येता हुन् ।)रातोपाटी

> माओवादी जनयुद्धमा मात्र एक हजार ६ सय ८७ जना दलितहरूको बलिदान भएको छ । दोस्रो जनआन्दोलनमा ३ जना दलितहरूको शहादत भएको थियो ।गत जेनजी विद्रोहमा पनि ६ जना दलितहरूले रगत बगाएका छन् ।

## भविष्यका लागि विवेकपूर्ण मतदानः

# नीति र नियतको परीक्षा



● बसन्ती बोहरा

राजनीति र सुशासन एउटै सिक्काका दुई पाटा हुन् भन्ने कुरा सैद्धान्तिक रूपमा जति सहज सुनिन्छ, व्यवहारमा त्यति नै जटिल देखिन्छ। राजनीतिले राज्य सञ्चालनको दिशा निर्धारण गर्छ, नीतिहरू बनाउँछ, प्राथमिकताहरू तय गर्छ र भविष्यको मार्गचित्र कोर्छ। सुशासनले तिनै नीतिहरूलाई न्यायपूर्ण, पारदर्शी, जवाफदेही र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने दायित्व वहन गर्छ।जब राजनीति स्वार्थ, सत्ताकेन्द्रित सोच र अल्पकालीन लाभमा सीमित हुन्छ, तब सुशासन कमजोर बन्छ। राजनीति दूरदर्शी, नैतिक र जनमुखी हुँदा सुशासन स्वाभाविक रूपमा सुदृढ हुन्छ। नेपालको अनुभवले यही द्वन्द्वलाई उजागर गरेको छ।

सामान्यतः नेपालको आधुनिक राजनीतिक यात्रा वि.सं. २००७ सालको प्रजातन्त्र स्थापनाबाट सुरु भएको मानिन्छ। त्यसयता देशले राणा शासनको अन्त्य, पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्र, जनआन्दोलन, सशस्त्र द्वन्द्व र अन्ततः ०७२ सालमा जारी भएको 'नेपालको संविधान' मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको चरण पार गरिसकेको छ।

व्यवस्थागत रूपमा हेर्दा नेपालले धेरै ठूलो फड्को मारेको देखिन्छ। तर प्रश्न उठ्छ– के यी र यस्ता व्यवस्थागत परिवर्तनहरूले आम नागरिकको दैनिकीमा गुणात्मक सुधार ल्याए? के सुशासनको बलियो जग बस्यो? दुर्भाग्यवश, उत्तर सधैँ सकारात्मक देखिँदैन।

नेपालको राजनीति प्रायः आन्दोलन र सम्झौताबिच घुमिरह्यो। राणा शासनको अन्त्यसँगै प्रजातन्त्र आयो तर संस्थागत स्थायित्व कायम हुन सकेन। पञ्चायती व्यवस्थाले राजनीतिक दलहरूलाई प्रतिबन्धित गर्‍यो, साथै विकास र स्थायित्वको नाममा केन्द्रीकृत शक्तिको अभ्यास गरियो। ०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था पुनःस्थापित भयो।

यद्यपि, राजनीतिक अस्थिरता र सत्ता सङ्घर्षले शासन प्रणालीलाई बलियो बनाउन सकेन। त्यसपछिको दशक लामो सशस्त्र द्वन्द्वले राज्य संरचना नै हल्लाइदियो। अन्ततः संविधानसभामार्फत नयाँ संविधान बनेसँगै देश सङ्घीय संरचनामा प्रवेश गर्‍यो। राजनीतिक रूपमा परिवर्तनको यो लामो यात्रा गर्व गर्नलायक भए पनि संस्थागत सुशासनको विकास भने अपेक्षाकृत कमजोर नै रह्यो।

अहिले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासको दोस्रो चरणमा छ। राजनीतिक परिदृश्यमा पुस्तान्तरण र विचारान्तरणको बहस तीव्र छ। पुराना स्थापित दलहरूको एकाधिकारलाई नयाँ शक्तिहरू र स्वतन्त्र उम्मेदवारहरूले चुनौती दिइरहेका छन्। जनतामा निराशा र अपेक्षा दुवै एकसाथ देखिन्छन्।उनीहरू भाषणभन्दा परिणाम खोजिरहेका छन्। बारम्बार फेरिने सरकार, सत्ता समीकरणका खेल, दीर्घकालीन नीतिको अभाव र अल्पकालीन राजनीतिक फाइदाका लागि गरिने सम्झौताले विकास योजनाहरूलाई प्रभावित गरेको छ। राजनीतिक अस्थिरताले प्रशासनिक संयन्त्रमा पनि असमञ्जस र अनिश्चितता बढाएको छ।

सुशासनका आधारभूत स्तम्भ चारवटा मानिन्छ– विधिको शासन, पारदर्शिता, जवाफदेहिता र जनसहभागिता। नेपालको संविधानले सुशासनलाई राज्य सञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकार गरेको छ। संविधानको धारा ५१ (ख) मा सुशासनलाई राज्यको प्रमुख नीतिमा समावेश गरिएको छ।

तर, कानुनी प्रावधान र व्यवहारबिच ठूलो अन्तर देखिन्छ। विधिको शासन कमजोर हुँदा कानुन सबैका लागि समान रूपमा लागू हुँदैन। 'सानालाई ऐन र ठूलालाई चैन' भन्ने उखान केवल व्यङ्ग्य मात्र होइन, यथार्थजस्तै लाग्ने अवस्था बनेको छ। राजनीतिक पहुँचका आधारमा मुद्दा फिर्ता लिने, अपराधीलाई आममाफी दिने वा अनुसन्धान प्रभावित गर्ने प्रवृत्तिले न्यायप्रणालीमाथि जनविश्वास घटाएको छ।

पारदर्शिताको अभाव अर्को गम्भीर समस्या हो। सरकारी निर्णयहरू अझै पनि बन्द कोठाभित्र सीमित हुने गरेका छन्। ठूला आयोजना, बजेट विनियोजन, नीतिगत निर्णय र ठेक्कापट्टामा हुने अपारदर्शिताले भ्रष्टाचारको सम्भावना बढाएको छ। सूचना प्रविधिको युगमा पनि सूचनामा सहज पहुँच नहुनु विडम्बनापूर्ण छ। सार्वजनिक खरिद प्रक्रिया, परियोजना छनोट र स्रोतको बाँडफाँटमा पारदर्शिता नहुँदा जनताको करबाट सङ्कलित रकम प्रभावकारी रूपमा प्रयोग भएको छ कि छैन भन्ने प्रश्न उठ्छ।

जवाफदेहिताको पक्ष झन् कमजोर देखिन्छ। राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा गल्ती गरे पनि दण्डित नहुने मानसिकता विकास भएको छ। छानबिन समिति गठन गरिन्छ, प्रतिवेदन आउँछ, तर त्यसको कार्यान्वयन हुँदैन। जनताका गुनासा सुन्ने संयन्त्र भए पनि तिनको प्रभावकारिता न्यून छ।

सेवा प्रवाहमा ढिलासुस्ती, झन्झटिलो प्रक्रिया र अनावश्यक कागजी कारबाहीले नागरिकलाई निराश बनाएको छ। सामान्य कामका लागि पनि बिचौलियाको सहारा लिनुपर्ने अवस्था सुशासनको विफलताको सङ्केत हो।

नेपालमा सुशासन कमजोर हुनुको मुख्य कारण भ्रष्टाचारको संस्थागत रूप हो। भ्रष्टाचार अब व्यक्तिगत कमजोरी मात्र होइन, प्रणालीगत समस्या बनेको छ। अन्तर्राष्ट्रिय सूचकाङ्कहरूमा नेपालको अवस्था मध्यमभन्दा कमजोर श्रेणीमा पर्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलको 'भ्रष्टाचार अवधारणा सूचकाङ्क' मा नेपालको अवस्था सन्तोषजनक छैन। यस्तो अवस्था केवल अङ्कमा सीमित हुँदैन, यसले लगानी, विकास, सार्वजनिक सेवा र अन्तर्राष्ट्रिय छविमा असर पार्छ।

नीतिगत भ्रष्टाचार विशेष रूपमा चिन्ताजनक छ। मन्त्रिपरिषद्को निर्णयमार्फत कानुनी कारबाहीबाट बच्ने प्रवृत्ति, ठूला आयोजना र जग्गा प्रकरणमा अनियमितता, कर मिनाहाजस्ता निर्णयहरूले राज्यकोषमा ठूलो क्षति पुऱ्याएको आरोप लाग्दै आएको छ।

राजनीतिक संरक्षण र प्रशासनिक साँठगाँठले निष्पक्ष छानबिनमा बाधा पुऱ्याएको छ। नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र सुन तस्करी काण्डजस्ता घटनाले राज्य संयन्त्रको कमजोरी उजागर गरेका छन्। यस्ता घटनाले नागरिकमा गहिरो अविश्वास पैदा गर्छन्।

सङ्घीयता नेपालको राजनीतिक रूपान्तरणको एउटा महत्त्वपूर्ण उपलब्धि हो। ७ सय ५३ स्थानीय सरकार जनताका सबैभन्दा नजिकका संरचना हुन्। स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार र सामाजिक सुरक्षाका क्षेत्रमा केही सकारात्मक काम गरेका उदाहरणहरू पनि छन्। कतिपय पालिकाले नवप्रवर्तनात्मक अभ्यासमार्फत सेवा प्रवाहमा सुधार गरेका छन्। स्थानीय स्तरमा निर्णय क्षमता बढ्नु लोकतान्त्रिक अभ्यासका लागि सकारात्मक पक्ष हो।

तर, सङ्घीयताको कार्यान्वयनमा पनि चुनौती कम भने छैनन्। केही स्थानीय तहमा डोजरे विकास, उपभोक्ता समितिमार्फत हुने अनियमितता र कर्मचारी-जनप्रतिनिधिबिचको भागबन्डाले सङ्घीयताको मर्ममाथि प्रश्न उठाएको छ। प्रदेश सरकारको औचित्यमाथि पनि बहस भइरहेको छ।विशेष गरी बढ्दो प्रशासनिक खर्च र सीमित उपलब्धिका कारण त्यस्ता प्रश्नहरू उठ्ने गरेका छन्। संरचना मात्र परिवर्तन भएर सुशासन स्वतः स्थापित हुँदैन भन्ने कुरा यहाँ स्पष्ट हुन्छ। क्षमता विकास, पारदर्शिता र निगरानी संयन्त्र सुदृढ नगरी सङ्घीयताको लक्ष्य प्राप्त हुन सक्दैन।

सुधारका लागि विविध बहुआयामिक प्रयास आवश्यक छन्। निर्वाचन प्रणालीमा सुधार गरी दलभित्र लोकतन्त्र सुदृढ गर्नुपर्छ। उम्मेदवार छनोट प्रक्रिया पारदर्शी र क्षमता (मेरिट) मा आधारित हुनुपर्छ। संवैधानिक निकायहरूको निष्पक्षता सुनिश्चित गर्नु अत्यावश्यक छ। अख्तियार, निर्वाचन आयोग र महालेखा परीक्षकजस्ता निकायहरू राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ। डिजिटल प्रविधिको प्रभावकारी प्रयोगले पारदर्शिता र सेवा प्रवाहमा सुधार ल्याउन सक्छ। ई-गभर्नेन्स, अनलाइन सेवा र खुला डाटा प्रणालीले भ्रष्टाचार घटाउन सहयोग पुऱ्याउन सक्छ।

कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेपको अन्त्य अर्को महत्त्वपूर्ण कदम हो। स्थायी सरकारको रूपमा चिनिने प्रशासनिक संयन्त्र व्यावसायिक, दक्ष र निष्पक्ष हुनुपर्छ। सरुवा, बढुवा र नियुक्तिमा पारदर्शी मापदण्ड अपनाइनुपर्छ। शिक्षा प्रणालीमार्फत नागरिक चेतना विकास गर्नु दीर्घकालीन समाधान हो। सचेत, विवेकी र सक्रिय नागरिक नै सुशासनका सच्चा संरक्षक हुन्। 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' जस्ता अवधारणामाथि पनि गम्भीर बहस हुन सक्छ, ताकि जनप्रतिनिधिहरू थप जवाफदेही बनून्।

अन्ततः राजनीति मूल्य र नैतिकतासँग जोडिएको विषय हो। सुशासन केवल कानुनी व्यवस्था वा प्रशासनिक दक्षताले मात्र सम्भव हुँदैन, यसका लागि नैतिक नेतृत्व आवश्यक हुन्छ। जबसम्म राजनीतिमा नैतिकता, पारदर्शिता र दीर्घकालीन सोच विकास हुँदैन, 'समृद्ध नेपाल, सुखी नेपाली' जस्ता नारा व्यवहारमा रूपान्तरण हुन सक्दैनन्। व्यवस्था परिवर्तन महत्त्वपूर्ण हो, तर त्यससँगै पात्र र प्रवृत्ति परिवर्तन अपरिहार्य छ।

नेपाल अहिले ऐतिहासिक दोबाटोमा उभिएको छ। एकातिर पुरानै शैलीको सत्ताकेन्द्रित राजनीति छ भने अर्कोतिर सुधार र जवाफदेहिताको माग गर्दै उठेको नागरिक चेतना छ। यदि राजनीति स्वच्छ, पारदर्शी र जनउत्तरदायी बन्न सकेन भने लोकतन्त्रको सार कमजोर हुनेछ।

## प्रतिनिधिसभा सदस्य निर्वाचनः
# शान्तिपूर्ण रुपमा सम्पन्न



काठमाण्डु । छिटपुट सामान्य घटनाबाहेक प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान विहीबार देशभर शान्तिपूर्ण र उत्साहपूर्वक सम्पन्न भएको छ ।

निर्वाचन आयोगद्वारा निर्धारित समयअनुसार बिहान ७:०० बजेदेखि सुरु भएको मतदान साँझ ५:०० बजे सम्पन्न भएको हो । आयोगका आयुक्त डा जानकीकुमारी तुलाधरले मत दिने समय साँझ ५:०० बजेसम्म भए पनि मतदानस्थलको लाइनमा रहेर मत दिन बाँकी मतदाताले त्यसपछि पनि मतदान गर्न सक्ने बताउनुभयो ।

आयोगका अनुसार अहिलेसम्म कुनै पनि मतदान केन्द्रको मतदान औपचारिक रुपमा स्थगनको घोषणा भएको छैन । दोलखा, सर्लाही र रौतहटमा केहीबेर विवाद समाधान भएको थियो । केहीबेर मतदान स्थगनपछि दोलखाको तामाकोशी-४ स्थित मालु मतदानस्थलमा अहिले पनि मतदान जारी छ । मतदानको विस्तृत विवरणबारे आज साँझ ६:१५ बजे आयोगले पत्रकार सम्मेलन गरेर जानकारी गराउने जनाएको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दल प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन भएको हो ।

यस निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । निर्वाचनमा एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम छन् ।निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको थियो । १४३ अस्थायी मतदानस्थल तय भएका थिए । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्त र गर्भवतीलगायतलाई सहज मतदानका लागि प्राथमिकता दिने व्यवस्था गरिएको थियो ।

निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका थिए ।रासस

# निर्वाचन भएसँगै देशले निकास पाउने मतदाताको विश्वास

काठमाण्डु । "यो चुनाव सफल हुनुपर्छ र देशले निकास पाउनुपर्छ", काठमाडौँको अनामनगर निवासी वासुदेव गिरीले भन्नुभयो । पञ्चायतकालदेखि काठमाडौँको निर्वाचनमा सहभागी भएको अनुभव सँगालेका उहाँलाई सुरुमा निर्वाचन होला वा नहोला भन्ने चिन्ता थियो ।

यही चिन्ताका बीच विहीबार बिहान ७:०० बजेदेखि देशभरका १६५ निर्वाचन क्षेत्रमा उत्साहपूर्वक मतदान भइरहेको सुनेपछिउहाँपनिउत्साहित हुनुहुन्छ । जारी प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत काठमाडौँ निर्वाचन क्षेत्र नं १ को साविक मिलन विद्या मन्दिर मतदान केन्द्रमा आफ्नी श्रीमतीसहित मतदान गरेपछि ज्येष्ठ नागरिक गिरीले भन्नुभयो, "मुलुकमा शान्ति, अमनचयन, सुशासन र समृद्धि चाहिएको छ । यसका लागि सबै मतदाताले आफ्नो विवेक प्रयोग गरिरहेका छन् । यसले म पनि उत्साहित छु ।"



नेपाल घरेलु तथा साना उद्योग व्यवसायी महासङ्घका पूर्वअध्यक्ष गिरीले २०४३ सालमा भएको निर्वाचनमा काठमाडौँमा जम्मा दुई निर्वाचन क्षेत्र रहेको बेलादेखि यहाँबाट मतदान गर्दै आउनुभएको छ । त्यसबेला राजनीतिक दलका तर्फबाट उम्मेदवार नभई स्वतन्त्र उम्मेदवार रहने गरेकामा त्यसबेला वीरेन्द्र श्रेष्ठ तथा पद्मरत्न तुलाधर विजयी भएको गिरीको सम्झनामै छ ।

"त्यसबेला र अहिलेको समयमा धेरै बदलाव आइसकेको छ । अहिले दश निर्वाचन क्षेत्र छन् । जनसङ्ख्या पनि धेरै वृद्धि भएको छ । देश विकासको यात्रा अघि बढे पनि अस्थिरता बढेकामा भने चिन्ता लागिरहेको छ", उहाँले भन्नुभयो । उहाँ यसपटकको निर्वाचनबाट पनि राजनीतिक स्थिरता कायम भई विकासले थप गति लिने आशामा हुनुहुन्छ । "शान्तिपूर्ण रूपमा निर्वाचन भइरहेको छ । सबै राजनीतिक दल, उम्मेदवार र मतदाताले सौहार्दता अपनाएमा निर्वाचन सफल हुन्छ । अवकाशप्राप्त जीवनमा मेरो त अरु अपेक्षा छैन, देशले निकास पाओस्", गिरीले भन्नुभयो ।

काठमाडौँ निर्वाचन क्षेत्र नं १, अनामनगरस्थित काठमाडौँ महानगरपालिका-२९ मतदान केन्द्रका मतदाता राजनीतिक विश्लेषक डा सुरेन्द्र केसीले प्रचार गरिए जस्तो मतदानमा ठूलो भीडभाड नदेखिएको प्रतिक्रिया दिनुभयो । "मुलुकमा बाध्यात्मक अवस्थामा निर्वाचन भएको छ । स्थिरता, सुशासन र रोजगारीको समस्या जर्जर छ । त्यसैका आधारमा जेनजी विद्रोह पनि भयो, तर निर्वाचनले ती माग र आवाजलाई पूर्ण रूपमा सम्बोधन हुने गरी परिणाम दिन्छ कि दिन्न भन्ने अन्योल छ ।",

त्रिभुवन विश्वविद्यालयका पूर्वप्राध्यापक डा केसीले नयाँ, पुराना दल र उम्मेदवार जे जे भने पनि जितेर आउनेले इमानदार भएर जनताको पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभयो । उक्त मतदान केन्द्रका मतदान अधिकृत रमेश भट्टराईले मतदाताले उत्सापूर्वक सहभागिता जनाइरहेको बताउनुभयो । उहाँले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, सुत्केरी, गर्भवतीलाई लाइन बस्न नपर्ने गरी प्रबन्ध गरिएको जानकारी दिनुभयो ।

काठमाडौँका सबै क्षेत्रमा आज साँझ नै मतपेटिका सङ्कलन भई सर्वदलीय सहमति भएमा आजै रातिदेखि मतगणना सुरु गर्ने तयारी रहेको छ । काठमाडौँ निर्वाचन क्षेत्र ४ का निर्वाचन अधिकृत कृष्णा भण्डारीले दिउँसो ३:३० बजेसम्म उत्साहपूर्वक मतदान भएको जानकारी दिनुभयो । निर्वाचनमा खटिएका कर्मचारी पनि उत्साहित रहेको जनाउँदै उहाँले यस क्षेत्रको काठमाडौँ महानगरपालिकाका वडामा भन्दा बुढानीलकण्ठ नगरपालिकाका वडा र स्थलमा बढी मतदान भएको बताउनुभयो । निर्वाचन अधिकृत भण्डारीले आफूहरू अधिकांश मतदानस्थलमा स्थलगत अवलोकनमा पनि भएको र बुढानीलकण्ठ नगरपालिकाको जय भद्रकाली मतदानस्थलमा यतिबेलासम्म करिव ६० प्रतिशत मतदान भएको जानकारी दिनुभयो ।

निर्वाचन आयोगले मतदान सम्पन्न भई मतपेटिका सङ्कलन भएपछि गणना सुरु गर्ने र गणना सुरु भएको २४ घन्टाभित्र मत परिणाम आइसक्ने गरी तयारी गरेको छ । रासस

## निर्वाचनले लोकतान्त्रिक प्रणालीलाई अझ सुदृढ बनाएको छ : अध्यक्ष दाहाल



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मतदानमार्फत जनताले देखाएको उच्च सहभागिता, संयम र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रतिको विश्वासले हाम्रो प्रणालीलाई अझ सुदृढ बनाएको बताउनुभएको छ ।

विहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन पश्चात सामाजिक सञ्जाल मार्फत् जारी सन्देशमा उहाँले शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न निर्वाचन सम्पन्न गर्न सफल भएकामा सरकार, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सहभागी राजनीतिक दलहरू, नागरिक समाज एवं सम्पूर्ण मतदाताप्रति विहीबार सामाजिक सञ्जाल (फेसबुक) मार्फत धन्यवाद व्यक्त गर्दै सो कुरा बताउनुभएको हो ।

उहाँले भन्नुभएको छ, "एउटा जटिल राजनीतिक परिस्थितिलाई सहजतातर्फ लैजान घोषणा भएको प्रतिनिधिसभाको निर्वाचन तमाम आशङ्का चिर्दै शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न भएको छ ।" आगामी दिनमा जनताको निर्णयलाई सम्मान गर्दै देश र जनताको हितमा सबैपक्ष मिलेर अघि बढ्ने उहाँको विश्वास छ । रासस

# प्रधानमन्त्री कार्कीद्वारा कतारका प्रधानमन्त्रीसँग टेलिफोन संवाद

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले कतारका समकक्षी शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानीसँग विहीबार टेलिफोन वार्ता गरी पश्चिम एसिया क्षेत्रमा पछिल्ला दिनमा विकसित घटनाक्रमप्रति चिन्ता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री कार्कीले कतारमा रहेका तीन लाख ६० हजार नेपाली नागरिकको सुरक्षा तथा संरक्षण उपलब्ध गराएकामा नेपाल सरकार र नेपाली जनताको तर्फबाट कतारी प्रधानमन्त्री थानीलाई धन्यवाद दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।प्रधानमन्त्री कार्कीले पश्चिम एसिया क्षेत्रमा विकसित घटनाक्रमलाई नेपालले नजिकबाट नियालिरहेको बताउँदै सम्बद्ध सबै पक्षलाई संयमित रहन, द्वन्द्वलाई थप नचर्काउन र नागरिकको सुरक्षाको प्रत्याभूति हुनुपर्ने नेपालको धारणा रहेको बताउनुभएको थियो ।

उहाँले नेपालले सबै राष्ट्रले संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तरराष्ट्रिय कानुन, जेनेभा अभिसन्धि र मानवीय कानुनको उचित सम्मान र पालना गर्नुपर्ने कुरामा जोड दिइएको बताउनुभएको थियो । कुनै पनि बहानामा युद्ध शान्तिको विकल्प हुन नसक्ने बताउँदै प्रधानमन्त्री कार्कीले वार्ता र कूटनीतिको माध्यमबाट मात्र दीर्घकालीन शान्ति सुनिश्चित हुने



बताउनुभयो । उहाँले दुई मुलुकबीचको सम्बन्ध आगामी दिनमा उच्चस्तरीय भ्रमण आदानप्रदान, आर्थिक तथा सांस्कृतिक सहकार्य र जनस्तरको सम्बन्धमार्फत थप प्रगाढ हुने विश्वास पनि व्यक्त गर्नुभयो ।

टेलिफोन संवादका क्रममा प्रधानमन्त्री कार्कीले कतारको परिस्थितिप्रति ऐक्यबद्धता व्यक्त गर्दै कतारको सार्वभौम भूमिमा खासगरी गैरसैनिक क्षेत्रमा भएको आक्रमणप्रति गहिरो चासो व्यक्त गर्नुभयो । साथै उहाँले कतारले रचनात्मक भूमिकासहित वर्तमान परिस्थितिको सामना गर्न सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।कतारका प्रधानमन्त्री एवं परराष्ट्रमन्त्री थानीले नेपाल र कतारबीचको सुमधुर, प्रगाढ र मित्रवत् सम्बन्धको उच्च प्रशंसा गर्नुभएको थियो ।रासस

# परिवर्तनको आशा बोकेर मतदान

काठमाण्डु । डिल्ली बजार स्थित पद्मकन्या विद्या आश्रम मतदान केन्द्रबाट भोट हालेर फर्कँदै गर्नुभएकी ९० वर्षीया शान्ता रेग्मीले जीवनमा कति पटक मतदान गर्नुभयो भन्ने ठ्याक्कै सम्झना छैन ।

एउटै कुराको सम्झना भने उहाँलाई स्पष्ट छ, विगतका चुनावमा मत दिएका धेरै नेताहरू जितेर गए, तर अधिकांशले जनतासँग गरेका वाचा पूरा गर्न सकेनन् । कतिपय त फर्केर पनि आएनन् । "अब त हामी डाँडापारिको घाम जस्तै भइसक्यौँ," उहाँले भन्नुभयो, "हामीले दुःख पाए पनि हाम्रो नातिनातिना र छोराछोरीले दुःख नपाउन् भन्ने चाहना छ ।"

उहाँकी नातिनी विदेशमा हुनुहुन्छ । रेग्मीलाई लाग्छ देशमै रोजगारीको राम्रो वातावरण भइदिए युवापुस्ता विदेश जान बाध्य हुने थिएनन् । "देशमै काम पाइयो भने किन विदेश बस्नुपर्थ्यो र ?" उहाँ प्रश्न गर्नुहुन्छ ।

डिल्लीबजारकै अर्का मतदाता गोकुल धितालले भने विगतलाई पूर्ण रूपमा निराशाजनक रुपमा लिनुभएको छैन । उहाँ देशमा केही काम भएको मान्नुहुन्छ, तर जनताको अपेक्षाअनुसार पर्याप्त भने हुन सकेको छैन । "धेरै पटक मतदान गरियो । विगतमा केही पनि भएन भन्न मिल्दैन," उहाँ भन्नुहुन्छ, "तर हाम्रो अपेक्षा जति छ, त्यति काम भएन ।" उहाँको विचारमा अहिलेको प्रमुख आवश्यकता सुशासन र रोजगारी हो ।

नयाँ पुस्ता, विशेषगरी 'जेनजी' को अपेक्षा सम्बोधन गर्नुपर्नेमा उहाँको जोड रहेको छ । "युवाको विश्वास जित्न सके मात्रै देशको भविष्य बलियो हुन्छ," उहाँले भन्नुभयो । विहीबार जेनजी आन्दोलनपछि विशेष परिस्थितिमा प्रतिनिधिसभाको निर्वाचन भएको छ ।रासस

# नेपाल रेडक्रसका प्राथमिक उपचार स्वयंसेवक मतदान केन्द्र परिसरमा परिचालित

काठमाण्डु । नेपाल रेडक्रस सोसाइटी, काठमाडौँ जिल्ला शाखाले प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत विभिन्न ३० मतदान केन्द्र परिसरमा प्राथमिक उपचार स्वयंसेवक परिचालित गरेको छ ।

काठमाडौँमहानगरपालिकासहित अन्य १० पालिकाका विभिन्न ३० मतदान केन्द्रमा चार/चार जना स्वयंसेवकले सेवा प्रदान गरिरहेका छन् । साथै ती स्वयंसेवकको अतिरिक्त शाखाले एम्बुलेन्ससहित सातजनाको अलग टोली पूर्वतयारी अवस्थामा राखेको छ । जिल्ला शाखाका सभापति श्यामकाजी डोटेलले मतदान केन्द्रमा आकस्मिक प्राथमिक उपचार सेवा उपलब्ध गराउनुपर्ने स्थिति सिर्जना हुनसक्ने अवस्थालाई मध्यनजर राखी स्थानीय रुपमा प्राथमिक उपचार टोली तथा सामग्रीहरू पूर्वतयारी गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्राथमिक उपचार स्वयंसेवकले तत्काल प्राथमिक उपचार सेवा आवश्यक पर्नेलाईसेवा प्रदान गरिरहेका छन् ।"रासस

## नवपुस्ताका मतदाता भन्छनः
# 'हाम्रो भविष्यसँग फेरि खेलबाड नहोस्'

काठमाण्डु । निर्वाचनमा यस पटक नयाँपुस्ता अर्थात् 'जेनजी' मतदाताको उत्साह उल्लेख्य देखिएको छ । पहिलोपटक मतदान गर्ने वा विदेशबाट फर्किएर मतदानमा सहभागी हुने युवाहरूले आफ्नो मतलाई देशको भविष्यसँग जोडेर हेरेका छन् ।

तीन वर्षदेखि अध्ययनका लागि क्यानडामा बस्दै आउनुभएकी २५ वर्षीया सुजानी श्रेष्ठ यस पटकको निर्वाचनमा सहभागी हुन नेपाल फर्किनुभयो । डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रममा मतदान गरेपछि रासससँग संवाद गर्दै उहाँले मतदान गर्न पाउँदा यत्साहित भएको प्रतिक्रिया दिनुभयो ।

उच्च शिक्षा र रोजगारीका लागि विदेशिनुपर्ने बाध्यताको अन्त्य र पारदर्शिता आगामी सरकारको प्राथमिकता हुनुपर्नेमा श्रेष्ठले जोड दिनुभयो । "यसपटक जसरी पनि मतदान गर्नुपर्छ भनेर म क्यानडाबाट भर्खरै नेपाल फर्किएको हुँ", उहाँले भन्नुभयो, "अब बन्ने सरकारको पहिलो प्राथमिकतामा पारदर्शिता, सुशासन पर्नुपर्छ । हाम्रो देशमा भ्रष्टाचार बढी हुनाले युवाहरू विदेशिन बाध्य छन् । देशभित्रै गुणस्तरीय शिक्षा र रोजगारीको



अवसर सृजना भएमा अधिकांश युवा स्वदेशमा बस्नेछन् । अब बन्ने सरकारले यी विषयलाई प्राथमिकतामा राखोस् भन्ने आशा छ ।"

मैतीदेवी घट्टेकुलो निवासी श्रेष्ठले यसअघिको निर्वाचनमा पनि मतदान गरिसक्नुभएको छ । तर यस पटकको अनुभवमा आफू बढी उत्साहित र आशावादी रहेको बताउनुभयो । श्रेष्ठले यस पटक परिवारभित्रै पनि फरकफरक राजनीतिक धारणा देखिएको उल्लेख गर्नुभयो । "हामीले लामो समयसम्म परिवारभित्रै दल र उम्मेदवारका एजेण्डाबारे छलफल गर्‍यौँ । मैले मतदानमा स्वविवेक प्रयोग गरेको छु", उहाँले भन्नुभयो ।

पहिलो पटक निर्वाचनमा सहभागी भई मतदान गर्नुभएका १९ वर्षीया सार्थक सङ्ग्रौलाले आफू मतदान गर्न पाउँदा उत्साहित हुनुका साथै आफूलाई थप जिम्मेवार बनाएको धारणा राख्नुभयो । काठमाडौँ निर्वाचन क्षेत्र नं १ को मध्यबानेश्वरस्थित रत्नराज्य माध्यमिक विद्यालयमा मतदान गरिसकेपछि रासससँग अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "पहिलोपटक भोट हाल्दा केही अफठयारो लागेको थियो, कसलाई भोट हाल्ने भन्ने अन्योल पनि थियो", उहाँले भन्नुभयो, "मेरो मतको कदर हुन्छ, देशका लागि राम्रो हुन्छ भन्ने अपेक्षा छ ।" उहाँले बाबुआमासँग छलफल गरे पनि अन्तिम निर्णय भने आफ्नै विवेकबाट गरेको बताउनुभयो ।

यस्तै, २६ वर्षीय मन्जुल पराजुली पनि पहिलोपटक मतदान गर्दा निकै उत्साहित देखिनुभयो । "अनुहारमा देखिन्छ होला, म एकदम उत्साहित छु", उहाँले हाँस्दै भन्नुभयो । उहाँको अपेक्षा छ, अब देशमा राजनीतिक स्थिरता कायम हुन्छ । "पछिल्ला राजनीतिक घटनाक्रमका घाउ अझै ताजा छन् । अब निर्वाचित नेतृत्वले पाठ सिकेर देशलाई स्थिरता दिनुपर्छ", उहाँले भन्नुभयो ।

पराजुलीले युवापुस्ताका जायज माग पूरा हुनुपर्नेमा जोड दिनुभयो । सोही मतदानकेन्द्रमा मतदान गर्नुभएका २४ वर्षीया आकृति सापकोटाले पनि यस पटकको निर्वाचनप्रति आशावादी रहेको बताउनुभयो । "यस पटकका उम्मेदवार सक्षम देखिन्छन् । के सही र के गलत भन्ने अनुभव पनि सबैले गरिसकेका छन्", उहाँले भन्नुभयो, "पहिले जे भयो त्यही फेरि नदोहोरियोस्, हाम्रो भविष्य राम्रो बनोस् भन्ने चाहना छ ।" उहाँको यो दोस्रो मतदानको अनुभव हो । पहिलोपटक मतदान गर्दा परिवारको सल्लाहमा निर्णय गरेको भए पनि यस पटक भने दलका एजेण्डा अध्ययन गरेर आफूले निर्णय गरेको उहाँको भनाइ छ ।रासस

## महिला मतदाताको उत्साहः
# "पहिला मत खसाल्ने, पछि काम गर्ने"

काठमाण्डु । बानेश्वरकी सीता श्रेष्ठको अरू बेलाको दिनचर्या बिहानै खाना पकाएर परिवारलाई खुवाउने, घरधन्दा गर्ने काममा बित्थ्यो ।

विहीबार भने उहाँले एक कप चिया पिएपछि प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि नजिकैको 'बुथ'मा निस्किनुभयो । "पहिला भोट हाल्ने अनि खाना खाउँला भनेर निस्किएँ," उहाँले भन्नुभयो, "यो हाम्रो लागि उत्सव हो । हाम्रो अधिकार हो उत्सवमा ढिलाइ गर्नु हुँदैन ।"

सीता जस्तै मध्यबानेश्वरस्थित रत्नराज्यलक्ष्मी माध्यमिक विद्यालयमा भोट हाल्न आउनेमध्ये महिला मतदाताको सहभागिता उत्साहजनक देखिएको छ । उहाँहरूले पहिला भोट अनि अरू काम गर्ने भन्ने धारणाका साथ भोट हाल्न आएको बताउनुभयो । पोखराकी अनिता मानन्धरले मतदान गर्नकै लागि माइत बानेश्वर आएको बताउनुभयो । विगतमा भन्दा यस पटकको निर्वाचन उहाँका लागि विशेष चासो रहेको बताउनुभयो । "त्यसैले पोखराबाट यहाँ आएँ," उहाँले भन्नुभयो, "जेनजी प्रदर्शनपछिको रानजीतिक मुहार जो परिवर्तन गर्नुछ ।"

रत्नराज्यलक्ष्मी माध्यमिक विद्यालय मतदान केन्द्रमा पर्यवेक्षकका रूपमा खटिनुभएका हरिओम महेताले यस बुथमा बिहान ७:०५ बजे ९३ वर्षीया कौशिला



तिमल्सिनाले 'ख' केन्द्रमा मतदान गरेसँगै मतदान प्रक्रिया सुरु भएको जानकारी दिनुभयो । मत खसालेपछि फर्किने क्रममा उहाँलाई असहज भएपछि सुरक्षाका लागि राखिएको डोरी काटेर सजिलो बनाइएको उहाँले बताउनुभयो ।

"वृद्धवृद्धालाई केही समस्या भएपछि बाटो परिवर्तन गरेर सजिलो बनाउने गरेका छौँ," उहाँले भन्नुभयो, "समग्रहमा मतदान शान्त र व्यवस्थित हुँदै गएको छ । महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका मतदाताले सहज रूपमा मत खाल्न पाउनुभएको छ ।"

डिल्लीबजारस्थित पदमकन्या विद्याश्रम माध्यमिक विद्यालय मतदान केन्द्रमा मत खसाल्न आउनुभएकी धनु राईले पहिलोपटक आफूले मतदान गरेको बताउनुभयो । विदेशमा रहेका श्रीमान्ले आफूले मत खसाल्न नपाए पनि श्रीमतीले मतदान दिन आग्रह गर्नुभएको उहाँले बताउनुभयो । मत खसालेपछि औँलामा नीलो रङ लगाइएको तस्बिर खिचेर श्रीमान्लाई ह्वाट्स एपमा पठाएको उहाँले सुनाउनुभयो ।

यति मात्रै होइन मतदाताहरूसँग स्थलगत रिपोर्टिङ गर्ने क्रममा बुझ्दै जाँदा महिलाले भोट हाल्नुले मतको अधिकार प्रयोग हुनाका साथै मताधिकार प्रयोग गरेकामा परिवारका अरू सदस्य पनि खुसी भएका प्रतिक्रिया दिएका छन् ।

शङ्ख मूलस्थित स्वप्नवाटिका स्कुलमा मतदान दिन आउनुभएकी प्रतीक्षा श्रेष्ठले मत खसाल्नका लागि गोर्खाबाट काठमाडौँ आएको बताउनुभयो । सही नेतृत्व चयन गर्ने अधिकार गुमाउन नदिनका लागि उहाँ काठमाडौँ आउनुभएको हो । रासस

जनकपुर टुडे



# चीनले आर्थिक वृद्धिदर लक्ष्य ४.५-५ प्रतिशतमा झार्‍यो

एपी

बेइजिङ ।चीनले घरेलु अर्थतन्त्रमा देखिएको मन्दी, अन्तर्राष्ट्रिय अनिश्चितता र भू-राजनीतिक जोखिमबीच सन् २०२६ का लागि आर्थिक वृद्धिको लक्ष्य ४.५ देखि ५ प्रतिशतसम्ममा सीमित राख्ने घोषणा गरेको छ। यसले आर्थिक नीतिमा तीव्र परिवर्तनभन्दा निरन्तरतामै जोड दिने सङ्केत पनि दिएको छ।

प्रधानमन्त्री ली किआङले बिहीबार राष्ट्रिय जन काङ्ग्रेसको वार्षिक बैठकको उद्घाटन सत्रमा प्रस्तुत गरेको सरकारी प्रतिवेदनमार्फत उक्त लक्ष्य सार्वजनिक गर्नुभयो। उहाँले प्रस्तुत गर्नुभएको ३५ पृष्ठको प्रतिवेदन एक घण्टाभन्दा बढी समय लगाएर पढ्नुभएको थियो। नयाँ लक्ष्य गत वर्षको वास्तविक ५ प्रतिशत आर्थिक वृद्धिदर तथा अघिल्ला तीन वर्षमा राखिएको करिब ५ प्रतिशतको लक्ष्यभन्दा केही कम हो। सन् १९९१ पछिको यो सबैभन्दा न्यून वृद्धि लक्ष्य मानिएको छ।

प्रतिवेदनमा उपलब्धि स्वीकार्दै चीनले सामना गरिरहेका कठिनाइ र चुनौतीहरूबारे सरकार स्पष्ट रहेको उल्लेख गरिएको छ। चीनका नीतिनिर्माताहरूले अहिले घरेलु खर्च बढाएर सुस्त अर्थतन्त्रलाई पुनर्जीवित गर्ने र राष्ट्रपति सी जिनपिङले अघि बढाउनुभएको कृत्रिम बौद्धिकता (एआई), रोबोटिक्स लगायत उन्नत प्रविधिमा विश्व नेतृत्व कायम गर्ने रणनीतिबीच सन्तुलन मिलाउने प्रयास गरिरहेका छन् ।वार्षिक प्रतिवेदनले घरेलु मागलाई सहयोग गर्ने नीति निरन्तर रहने सङ्केत दिएको छ, तर छोटो अवधिमा अर्थतन्त्रलाई तीव्र गति दिन कुनै ठूलो नयाँ प्रोत्साहन कार्यक्रम ल्याइने सम्भावना नरहेको पनि जनाइएको छ।

सरकारले सन् २०२६ का लागि प्रस्तुत गरेको मस्यौदा बजेटमा रक्षा खर्चको वार्षिक वृद्धि दर ७ प्रतिशतमा सीमित गरिएको छ। यो पछिल्ला वर्षहरूमा करिब ७.२ प्रतिशत थियो। कम्युनिस्ट पार्टीले तय गरेका नीतिलाई समर्थन गर्ने करिब तीन हजार सदस्यीय राष्ट्रिय जन काङ्ग्रेसले आगामी साताको समापन सत्रमा वार्षिक प्रतिवेदन र बजेट अनुमोदन गर्ने अपेक्षा गरिएको छ। साथै सन् २०३० सम्मका प्राथमिकता निर्धारण गर्ने पाँच वर्षे योजनामा पनि निर्णय हुनेछ।

चीन अहिले व्यापारिक तनाव र वास्तविक युद्धका प्रभावबीच रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ। एसियाका धेरै देशझैँ चीन पनि मध्यपूर्वबाट आउने तेल र प्राकृतिक ग्यासमा निर्भर रहेको र त्यहाँको युद्धले ऊर्जा मूल्य बढाउने तथा आपूर्ति जोखिममा पार्ने सम्भावना बढाएको बताइएको छ।

प्रतिवेदनले बढ्दो भू-राजनीतिक तनावका कारण स्वतन्त्र व्यापार गम्भीर दबाबमा परेको उल्लेख गर्दै देशभित्र उत्पादन आपूर्ति बलियो रहँदा माग कमजोर हुनु र विकासका नयाँ चालकतर्फ सङ्क्रमण कठिन हुनुजस्ता असन्तुलनलाई पनि औँल्याएको छ। धेरै वर्षयता यति जटिल परिस्थिति विरलै देखिएको सरकारको निष्कर्ष छ, जहाँ बाह्य आघात र घरेलु समस्या एकसाथ देखिएका छन्।

घरेलु अर्थतन्त्र सुस्त रहे पनि चीनले निर्यातका माध्यमबाट वृद्धि कायम राखेको छ। गत वर्ष चीनको व्यापार अधिशेष झन्डै १२ खर्ब डलरको रेकर्ड स्तरमा पुगेको थियो। तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आयात शुल्क तीव्र रूपमा बढाएपछि अमेरिकातर्फको निर्यात घटेको छ। यद्यपि अन्य देशतर्फको निर्यात बढे पनि त्यहाँका उद्योग र रोजगारीमा असर पर्ने चिन्ताका कारण केही सरकारहरूले विरोध जनाएका छन् ।प्रधानमन्त्री लीले नागरिकको जीवनस्तर सुधार गर्ने र उपभोक्ता खर्च बढाउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। घरजग्गा बजारको मन्दीका कारण घरको मूल्य घट्दा धेरै चिनियाँ नागरिकले खर्च घटाएको र यसले लाखौँ रोजगारी प्रभावित भएको सरकारको आकलन छ।

सरकारले नयाँ कार, उपकरण तथा अन्य वस्तु खरिद गर्दा पुराना सामान साट्ने उपभोक्तालाई छुट दिन दुई खर्ब ५० अर्ब युआन (करिब ३६ अर्ब डलर) बराबरको बन्ड जारी गर्ने योजना अघि सारेको छ। साथै नयाँ आवास आपूर्ति नियन्त्रण गर्न र बिक्री नभएका घरको सङ्ख्या घटाउन सहर गर्ने छ।

# इरान–इजरायल युद्ध फैलिँदै

एएफपी

तेहरान । अमेरिका र इजरायलसँग सुरु भएको युद्ध तीव्र बन्दै जाँदा इरानले बिहीबार इराकमा रहेका कुर्दिश समूहहरूमाथि आक्रमण गरेको जनाएको छ। तेहरानले ती समूहहरूलाई 'पृथकतावादी गतिविधि' नगर्न कडा चेतावनीसमेत दिएको छ। युद्ध विस्तार हुँदै जाँदा क्षेत्रीय सुरक्षा, ऊर्जा आपूर्ति र विश्व अर्थतन्त्रमा गम्भीर प्रभाव देखिन थालेको छ।

इरानका सर्वोच्च नेतामाथि अमेरिका-इजरायलले गरेको आक्रमणपछि गत शनिबार सुरु भएको द्वन्द्व अहिले मध्यपूर्वका धेरै क्षेत्रमा फैलिएको छ। यसले विश्व बजारमा दबाब बढाएको, ऊर्जा आपूर्तिमा अवरोध सिर्जना गरेको र अन्तर्राष्ट्रिय यात्रामा समेत अव्यवस्था ल्याएको देखिएको छ।



तेहरानले बिहीबार इराकमा आधारित कुर्दिश समूहहरूलाई लक्षित कारबाही गरेको जनाएको छ। इरानका अधिकारीहरूले ती समूहहरूले 'क्रान्तिविरुद्ध गतिविधि' गरिरहेको आरोप लगाएका छन्। केही रिपोर्टहरूमा अमेरिकाले कुर्दिश लडाकूहरूलाई इरानमा घुसपैठ गर्न हतियार उपलब्ध गराउन खोजेको दाबी गरिएको छ ।निर्वासित इरानी कुर्दिश समूहका एक सदस्यको हत्या भएको आक्रमण पनि यिनै घटनाक्रमसँग सम्बन्धित भएको समूहका प्रतिनिधिले बताएका छन्।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली लारिजानीले पृथकतावादी गतिविधि सहन नसकिने चेतावनी दिनुभयो। उहाँले 'पृथकतावादी समूहहरूले अहिलेको अवस्थालाई अवसर ठानेर कुनै कदम चाल्ने भूल नगर्न' आग्रह गर्नुभयो र सरकारले त्यस्तो गतिविधि कुनै हालतमा स्वीकार नगर्ने स्पष्ट पार्नुभयो। बढ्दो द्वन्द्वले क्षेत्रीय शक्तिहरूलाई क्रमशः युद्धतर्फ तानिरहेको देखिएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) की प्रमुख क्रिस्टालिना जर्जिवाले यो सङ्कटले विश्व अर्थतन्त्रको लचिलोपनलाई 'फेरि एकपटक परीक्षण' गर्ने चेतावनी दिनुभयो।

इरानको एलिट रिभोलुसनरी गार्ड्सले होर्मुज जलडमरूमध्य बन्द गरिएको दाबी गरेको छ। विश्वको कच्चा तेलको झन्डै पाँचौँ भाग यही मार्गबाट पार हुने भएकाले यसको प्रभाव विश्व ऊर्जा बजारमा ठूलो हुनसक्ने विश्लेषण गरिएको छ। बजार विश्लेषक संस्था केप्लरका अनुसार तेल ट्याङ्करहरूको आवागमन करिब ९० प्रतिशतले घटेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र अन्य अमेरिकी अधिकारीहरूले युद्ध सुरु गर्ने निर्णय र यसको उद्देश्यबारे फरक-फरक व्याख्या दिएका छन्। कङ्ग्रेसको स्पष्ट स्वीकृतिबिना सुरु गरिएको सैन्य अभियान रोक्न अमेरिकी सिनेटमा प्रस्ताव पेश गरिएको थियो, तर बुधबार उक्त प्रस्ताव अस्वीकार भएको छ।
यसबीच तेहरानमा पनि तनाव कायम छ। इरानी समाचार एजेन्सी तस्निमका अनुसार बिहीबार बिहान राजधानी तेहरानमा धेरै विस्फोटको आवाज सुनिएको छ र सुरक्षालाई सक्रिय बनाइएको छ। विस्फोटका प्रभावबारे तत्काल विस्तृत विवरण सार्वजनिक भएको छैन।

इजरायलले भने तेहरानभरि 'इरानी आतङ्कवादी शासनको पूर्वाधारविरुद्ध ठूलो आक्रमण अभियान' सुरु गरिएको दाबी गरेको छ। त्यसअघि इरानले इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेको थियो। जेरुसेलममा रहेका एएफपीका पत्रकारहरूले पनि विस्फोटको आवाज सुनेका थिए, तर तत्काल हताहतको पुष्टि भएको छैन। पछि इजरायली सेनाले नागरिकहरूलाई सुरक्षित स्थानबाट बाहिर निस्कन अनुमति दिएको जनाएको छ।

लेबनानमा पनि द्वन्द्व चर्किएको छ। राज्य सञ्चालित राष्ट्रिय समाचार एजेन्सी (एनएनए) का अनुसार बिहीबार बिहान दक्षिण बेरुतस्थित हिजबुल्लाहको गढमा दुई आक्रमण भएका छन्, जहाँबाट धुवाँ उठिरहेको दृश्य एएफपीटिभीले देखाएको छ।

त्रिपोली नजिकको बेद्दावी नामक प्यालेस्टिनी शरणार्थी शिविरमा रहेको एउटा अपार्टमेन्टमा भएको आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको र एक जना घाइते भएको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै एनएनएले जनाएको छ। दक्षिण लेबनानमा सडकमा गुडिरहेको गाडीमा ड्रोन आक्रमण हुँदा तीन जनाको मृत्यु भएको पनि रिपोर्ट गरिएको छ, यद्यपि आक्रमण कसले गरेको हो भन्ने स्पष्ट भएको छैन।

इजरायलले पछिल्ला यी आक्रमणहरूको तुरुन्त जिम्मेवारी लिएको छैन। तर हालैका दिनमा इजरायली कारबाहीमा कम्तीमा ७५ जनाको मृत्यु भएको र दशौँ हजार मानिस विस्थापित भएको बताइएको छ। इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ रकेट प्रहार गर्न थालेपछि लेबनान पनि द्वन्द्वमा तानिएको हो। अहिले इजरायली सेना सीमावर्ती सहरतर्फ अघि बढेका कारण व्यापक रूपमा बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको छ।

इरानले आफ्नो जवाफी आक्रमणमा खाडी क्षेत्रका अमेरिकी हित र ऊर्जा पूर्वाधारलाई लक्षित गरेको जनाएको छ। कतारले राजधानी दोहास्थित अमेरिकी दूतावास नजिक बस्ने बासिन्दाहरूलाई बिहीबार सुरक्षित स्थानतर्फ सार्न थालेको छ। कतारले यसअघि हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमण प्रयास विफल पारिएको जनाएको थियो।

कतार सरकारले नागरिकलाई घरभित्र बस्न र अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन चेतावनी दिएको छ। युद्ध सुरु भएयता खाडी क्षेत्रका विभिन्न देशमा कम्तीमा १३ जनाको मृत्यु भएको छ, जसमा सात जना सर्वसाधारण रहेका छन्। मृतकमध्ये कुवेतकी ११ वर्षीया बालिका पनि रहेको बताइएको छ।संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरेबिया र कतारले बुधबार इरानी क्षेप्यास्त्रहरू रोकेको बताएका छन्। तीमध्ये केही ड्रोनले साउदी अरेबियाको विशाल रास तनुरा तेल प्रशोधन केन्द्रलाई लक्षित गरेको बताइएको छ।

टर्की पनि यस सङ्कटमा तानिएको देखिएको छ। इरानबाट प्रक्षेपण गरिएको एक क्षेप्यास्त्र टर्कीको हवाई क्षेत्रतर्फ अघि बढ्दा नाटोको हवाई रक्षा प्रणालीले त्यसलाई नष्ट गरेको टर्कीले जनाएको छ। एक टर्की अधिकारीका अनुसार उक्त क्षेप्यास्त्र साइप्रसस्थित बेलायती सैन्य आधारतर्फ लक्षित गरिएको देखिएको थियो। टर्कीले यस घटनाबारे स्पष्टीकरण माग्न इरानी राजदूतलाई बोलाएको छ ।टर्कीका विदेशमन्त्रीले आफ्नो इरानी समकक्षीसँग कुरा गर्दै द्वन्द्वलाई अझ फैलाउने कुनै पनि कदमबाट टाढा रहन आग्रह गर्नुभएको छ।

यसबीच युद्ध समुद्री क्षेत्रमा पनि फैलिएको सङ्केत देखिएको छ। संयुक्त राज्य अमेरिकाले श्रीलङ्काको तट नजिक इरानी युद्धपोतलाई टारपीडो प्रहार गरेर डुबाएको बताइएको छ। श्रीलङ्काली अधिकारीहरूका अनुसार उक्त घटनापछि समुद्रबाट ८७ वटा शव बरामद गरिएको छ, जसमा ६० भन्दा बढी आइआरआइएस देना फ्रिगेटमा रहेको अनुमान गरिएको छ। श्रीलङ्काली सेनाले ३२ जना नाविकलाई जीवित उद्धार गरेको जनाएको छ।

इरानको सरकारी इरना समाचार एजेन्सीले युद्ध सुरु भएदेखि एक हजार ४५ जना सैनिक र सर्वसाधारण मारिएको दाबी गरेको छ, तर एएफपीले यसलाई स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन। इरानका अनुसार दक्षिणी सहर मिनामा शनिबार विद्यालयमा भएको आक्रमणमा धेरै बालबालिकासहित १५० भन्दा बढी मानिसको मृत्यु भएको थियो। एएफपीका पत्रकारहरू सुरक्षा कारणले उक्त स्थानमा स्वतन्त्र रूपमा पुग्न सकेका छैनन्। अमेरिकी अधिकारीहरूले भने उक्त घटनाबारे अनुसन्धान भइरहेको बताएका छन् ।अमेरिकी अधिकारीहरूले पनि युद्धमा आफ्ना छ जना सैनिक मारिएको बताएका छन्।

युद्धको प्रभाव विश्व अर्थतन्त्रमा पनि देखिन थालेको छ। वासिङ्टनमा अमेरिकी सिनेटले बुधबार अमेरिकी सैन्य कारबाही सीमित गर्ने प्रस्ताव अस्वीकार गरेको छ। रिपब्लिकनहरूले राष्ट्रपति ट्रम्पलाई समर्थन गरेपछि प्रस्ताव असफल भएको हो। उक्त प्रस्ताव पारित भए पनि ट्रम्पले भिटो गर्न सक्ने अवस्था थियो।

आइएमएफ प्रमुख जर्जिवाले यो सङ्कट दीर्घकालीन आर्थिक असर ल्याउन सक्ने चेतावनी दिनुभएको छ। "हामी सम्भवतः लामो समयसम्म असर पार्ने अवस्थातर्फ जाँदैछौँ", उहाँले भन्नुभयो ।द्वन्द्वका कारण समुद्री सुरक्षा पनि प्रभावित भएको छ। कुवेतको समुद्री क्षेत्रमा रहेको एउटा तेल ट्याङ्करमा ठूलो विस्फोट भएपछि तेल फैलिएको बेलायती समुद्री सुरक्षा एजेन्सी युकेएमटीओले जनाएको छ।

ऊर्जा आपूर्ति सङ्कटको आशङ्काबीच दक्षिण कोरियाले ६८ अर्ब डलरको बजार स्थिरीकरण कोष सक्रिय गरेको जनाएको छ। चीनले भने आफ्ना तेल प्रशोधन कम्पनीहरूलाई डिजेल र पेट्रोल निर्यात रोक्न निर्देशन दिएको छ ।चीनले मध्यपूर्व सङ्कट समाधानका लागि विशेष दूत पठाउने घोषणा पनि गरेको छ, तर त्यसबारे थप विवरण सार्वजनिक गरिएको छैन।

# मध्यपूर्व युद्धः तनाव थप चर्कियो

एएफपी

वासिङ्टन । मध्यपूर्वमा जारी युद्ध थप चर्किँदै गएको छ। इरान र इजरायलबीच नयाँ क्षेप्यास्त्र प्रहार, लेबनानमा हवाई आक्रमण, खाडी क्षेत्रमा समुद्री सुरक्षा सङ्कट र विश्व शक्तिहरूबीच कूटनीतिक टकरावका घटनाले क्षेत्रीय तनाव अझ बढेको सङ्केत दिएका छन् ।बिहीबार बिहान इरानको राजधानी तेहरानमा थुप्रै विस्फोटको आवाज सुनिएको इरानी समाचार एजेन्सी तस्निमले जनाएको छ। विस्फोटपछि देशको सुरक्षा संयन्त्र सक्रिय गरिएको इरानले जनाएको छ।



यसैबीच इरानले इजरायलतर्फ नयाँ चरणको क्षेप्यास्त्र आक्रमण गरेको इजरायली सेना र तेहरानको राज्य सञ्चारमाध्यमले बताएका छन्। उक्त आक्रमणपछि तेल अभिवसहित धेरै क्षेत्रमा हवाई हमलाको चेतावनी दिइएको थियो। एएफपीका पत्रकारहरूका अनुसार जेरुसेलममा पनि चेतावनी साइरन बजेसँगै विस्फोटको आवाज सुनिएको थियो। तर इजरायलको आपतकालीन सेवाले तत्काल कुनै हताहत नभएको जनाएको छ।

इजरायलले लेबनानमा पनि आक्रमण जारी राखेको छ। बासिन्दालाई चेतावनी दिएपछि बिहीबार बिहान दक्षिण बेरुतस्थित हिजबुल्लाहको गढ मानिने क्षेत्रमा हवाई आक्रमण गरिएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बेरुत विमानस्थल जाने राजमार्गमा भएका दुई अलग इजरायली आक्रमणमा तीन जनाको मृत्यु भएको छ।

खाडी क्षेत्रमा पनि तनाव देखिएको छ। कुवेत नजिकको समुद्री क्षेत्रमा भएको 'ठूलो विस्फोट' पछि एउटा तेल ट्याङ्करमा क्षति पुगेको र तेल फैलिएको बेलायती समुद्री सुरक्षा एजेन्सी युकेएमटीओले जनाएको छ। एजेन्सीका अनुसार लङ्गरमा रहेको ट्याङ्करका कप्तानले बन्दरगाह नजिक ठूलो विस्फोट देखेको र त्यसपछि एउटा सानो जहाज त्यहाँबाट निस्किएको बताएका छन् ।इरानसँगको तनाव बढेपछि कतारले पनि सावधानी अपनाएको छ। कतारको आन्तरिक मन्त्रालयले इरानी आक्रमणको सम्भावनालाई ध्यानमा राख्दै अमेरिकी दूतावास नजिक बसोबास गर्ने दोहाका बासिन्दाहरूलाई सुरक्षित स्थानतर्फ सार्न थालिएको जनाएको छ।

टर्कीले पनि आफ्नो हवाई क्षेत्रमा प्रवेश गर्न लागेको इरानी ब्यालेस्टिक क्षेप्यास्त्रलाई नाटोको हवाई रक्षा प्रणालीमार्फत नष्ट गरिएको जनाएको छ। उक्त क्षेप्यास्त्र इरानबाट प्रक्षेपण भई इराक र सिरिया हुँदै टर्कीको हवाई क्षेत्रतर्फ गइरहेको बताइएको छ। रक्षा मन्त्रालयले लक्ष्य स्पष्ट नगरे पनि विदेश मन्त्रालयले इरानका राजदूतलाई बोलाएर स्पष्टीकरण मागेको छ। एक टर्की अधिकारीका अनुसार क्षेप्यास्त्र ग्रीक साइप्रसको एउटा सैन्य आधारतर्फ लक्षित गरिएको भए पनि मार्ग परिवर्तन भएको थियो।

युद्धको सन्दर्भमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध मोर्चामा अमेरिकी प्रदर्शनको प्रशंसा गर्नुभएको छ। टेक उद्योगका प्रमुखहरूको भेलामा बोल्दै उहाँले अमेरिकी कारबाहीलाई अत्यन्त सफल भन्दै युद्धको मूल्याङ्कन '१० को मापनमा १५' जस्तो रहेको टिप्पणी गर्नुभयो ।इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले पनि वासिङ्टन र तेल अभिवले संयुक्त रूपमा युद्धमा 'ऐतिहासिक लाभ' हासिल गरेको दाबी गरेको छ।

अमेरिकी आन्तरिक राजनीतिमा भने यस युद्धलाई लिएर मतभेद देखिएको छ। अमेरिकी सिनेटले इरानमाथिको सैन्य कारबाही रोक्ने उद्देश्यले ल्याइएको द्विदलीय प्रस्ताव अस्वीकार गरेको छ। सिनेटमा रिपब्लिकनहरूको ५३-४७ बहुमत रहेको र प्रस्ताव त्यही मतान्तरले असफल भएको हो। उक्त प्रस्तावले कङ्ग्रेसको स्पष्ट स्वीकृतिबिना सुरु गरिएको सैन्य अभियान रोक्ने प्रयास गरेको थियो ।युद्धमा अन्तर्राष्ट्रिय प्रतिक्रिया पनि फरक-फरक देखिएको छ। क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले आफ्नो देशले बढ्दो द्वन्द्वमा भूमिका निर्वाह गर्नुपर्ने सम्भावना नकार्न नसकिने बताउनुभएको छ। क्यानबेरामा अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजसँग भेटका क्रममा उहाँले क्यानाडा आफ्ना सहयोगीहरूसँग उभिने बताउनुभयो।

यता स्पेनले भने अमेरिकाले आफ्नो सैन्य आधार प्रयोग गरेको भन्ने दाबी अस्वीकार गरेको छ। अमेरिकी व्यापारिक प्रतिशोधको धम्कीपछि ह्वाइट हाउसले स्पेन सहयोग गर्न तयार भएको जनाएको थियो। तर स्पेनका विदेशमन्त्री जोस म्यानुएल अल्बारेसले इरानमाथिको बमबारीका लागि आफ्नो देशको नीति परिवर्तन नभएको स्पष्ट गर्नुभयो ।चीनले भने कूटनीतिक पहल अघि बढाउने सङ्केत दिएको छ। विदेशमन्त्री वाङ यीले मध्यपूर्वमा तनाव कम गर्न विशेष दूत पठाइने बताउनुभएको छ। बेइजिङ इरानको घनिष्ठ साझेदार मानिन्छ र उसले इरानको सार्वभौमिकताको समर्थन गर्दै अमेरिका र इजरायललाई सैन्य आक्रमण रोक्न आग्रह गर्दै आएको छ।

यसैबीच कतारले पनि इरानप्रति असन्तुष्टि व्यक्त गरेको छ। कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले इरानका विदेशमन्त्रीसँग फोनमा कुरा गर्दै तेहरानले आफ्ना छिमेकीहरूलाई युद्धमा तान्ने प्रयास गरेको आरोप लगाउनुभएको छ। समुद्री व्यापारमा पनि युद्धको प्रभाव देखिन थालेको छ। डेनमार्कको ठूलो शिपिङ कम्पनी मार्सक र जर्मनीको हपाग-लोयडले जोखिम मूल्याङ्कनपछि अर्को सूचना नआउन्जेल खाडी क्षेत्रतर्फका बुकिङ स्थगित गरेका छन्। यसअघि चीनको कोस्कोले पनि यस्तै निर्णय लिएको थियो।

इरानले होर्मुज जलडमरूमध्य प्रयोग नगर्न जहाजहरूलाई चेतावनी दिएपछि विश्व बजारमा तेलको मूल्य बढेको छ। होर्मुज जलडमरूमध्य विश्वको सबैभन्दा व्यस्त समुद्री मार्गमध्ये एक मानिन्छ ।ओमानको नौसेनाले पनि स्ट्रेट अफ होर्मुज क्षेत्रमा मिसाइल प्रहार भएको कन्टेनर जहाजका २४ जना चालक दलका सदस्यलाई उद्धार गरेको जनाएको छ। अमेरिकी राष्ट्रपति ट्रम्पले ट्याङ्करहरूलाई अमेरिकी नौसेनाले एस्कर्ट गर्न तयार रहेको बताएको एक दिनपछि इरानी सेनाले जलडमरूमध्यमा आफ्नो 'पूर्ण नियन्त्रण' रहेको दाबी गरेको थियो।

युद्धको असर टाढा दक्षिण एसियासम्म पनि पुगेको छ। श्रीलङ्काली नौसेनाका एक अधिकारीका अनुसार श्रीलङ्काको तट नजिक एक अमेरिकी पनडुब्बीले इरानी युद्धपोतलाई टारपीडो प्रहार गरी डुबाएपछि समुद्रबाट ८७ जनाको शव बरामद गरिएको छ। उहाँका अनुसार उद्धार टोलीले हालसम्म ती शवहरू सङ्कलन गरिसकेको जनाएको छ।

# रूसमा युद्धविरुद्ध महिलाको मौन प्रतिरोध

एएफपी

मस्को । रूसले युक्रेनमाथि आक्रमण सुरु गरेको चार वर्षपछि पनि देशभित्र युद्धविरुद्ध असन्तुष्टि पूर्ण रूपमा हराएको छैन, तर कडा सरकारी दमनका कारण धेरै आवाजहरू मौन बनेका छन्। आफ्नो नाम परिवर्तन गरेर 'वरवारा' राख्न अनुरोध गर्नुभएकी मस्कोकी ३२ वर्षीया एक महिलाले अहिले खुलेर विरोध गर्न नसके पनि युद्धप्रति असहमति बोकेर चुपचाप बाँचिरहेको अनुभव सुनाउनुभयो।

फेब्रुअरी २४, २०२२ मा राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि ठूलो सैन्य आक्रमण सुरु गर्दा उहाँले 'निराशा र क्रोध' महसुस गर्नुभएको थियो। त्यसबेला उहाँ मस्कोको केन्द्रमा आयोजित युद्धविरोधी प्रदर्शनमा सहभागी हुनुभएको थियो। तर चार वर्षपछि अवस्था पूर्ण रूपमा बदलिएको छ। अहिले उहाँले आफू केवल 'बाँच्ने प्रयास' गरिरहेको र सार्वजनिक रूपमा युद्ध वा क्रेमलिनको आलोचना गर्ने साहस नगर्ने बताउनुभयो ।उहाँका अनुसार रूसभित्र अहिले तलबाट उठ्ने कुनै पनि प्रकारको विरोध तुरुन्तै दबाइने वातावरण बनेको छ। "तलबाट आउने कुनै पनि प्रतिरोधलाई दमन गरिनेछ", उहाँले मस्कोमा एएफपीसँगको अन्तर्वार्तामा भन्नुभयो।

युद्ध सुरु भएपछि रूसले सोभियत सङ्घको समयपछि नदेखिएको स्तरमा घरेलु दमन कडा बनाएको छ। आक्रमणको विरोधमा बोलेका हजारौँ मानिसलाई जरिवाना वा जेल सजाय दिइएको छ। सार्वजनिक रूपमा क्रेमलिनविरुद्ध प्रदर्शन लगभग बन्द जस्तै भएको छ। प्रमुख विपक्षी नेताहरू जेलमा छन्, निर्वासनमा छन् वा मृत अवस्थामा भेटिएका छन् भने विदेशमा रहेका युद्धविरोधी समूहहरू आन्तरिक मतभेदमा अल्झिएका छन्।

युद्धको सुरुआतमा वरवारा पनि हजारौँ मानिसझैँ सडकमा उत्रिनुभएको थियो। रूसी दङ्गा प्रहरीले ती प्रदर्शनहरू कडा रूपमा दबाएको थियो। उहाँले त्यतिबेला आफूलाई के हुन सक्छ भन्ने थाहा नभए पनि प्रदर्शनमा सहभागी भएको बताउनुभयो। गिरफ्तारी हुन सक्ने डरले उहाँले घरपरिवारलाई तयारी गराउनुभएको थियो।"मलाई गिरफ्तार हुन सक्छ भन्ने थाहा थियो, त्यसैले घरमा चाबीको अर्को सेट छोडेकी थिएँ", उहाँले स्मरण गर्नुभयो, "म अनुपस्थित हुँदा मेरो बिरालो भोकै नबसोस् भन्ने पनि सोचेकी थिएँ।"



उहाँ गिरफ्तारीबाट जोगिन सफल हुनुभयो, तर युद्धविरोधी याचिकामा हस्ताक्षर गरेपछि उहाँलाई सरकारी संस्थासँग सम्बन्धित जागिरबाट हटाइएको थियो। त्यसपछि उहाँका धेरै साथीहरू, जसलाई केही समय प्रहरीले हिरासतमा लिएको थियो, देश छोडेर बाहिर गएका थिए ।तर वरवराले भने रूस छोड्ने निर्णय लिन सक्नुभएन। उहाँका अनुसार बसाइँ सर्ने अनिश्चितता र जोखिमभन्दा देशमै बस्ने विकल्प सजिलो लाग्यो। "मलाई तत्काल शारीरिक खतरा महसुस भएको थिएन। कसैले मेरो ढोकामा ढकढक्याएको थिएन, मलाई जेल हालिएको वा यातना दिइएको थिएन", उहाँले भन्नुभयो।

पछि उहाँले एउटा परोपकारी संस्थामा काम पाउनुभयो। त्यहीँ काम गर्दै उहाँले देशभित्रै 'जहाँ सकिन्छ त्यहाँ केही राम्रो गर्ने' प्रयास नै अहिले सम्भव भएको एक मात्र मार्ग भएको महसुस गर्नुभयो ।सन् २०२२ को गर्मीमा उहाँले आफ्नो भावी पतिलाई भेट्नुभयो। दुवैले गिरफ्तारीको जोखिम आए मात्रै देश छोड्ने निर्णय गर्ने सहमति गरेका थिए। अहिले उहाँ आफ्नो पतिको अघिल्लो विवाहबाट जन्मिएका दुई बच्चाको हेरचाह पनि गर्दै हुनुहुन्छ।

उहाँका अनुसार यही पारिवारिक जिम्मेवारीले आफूलाई चुप रहने निर्णयमा अझ दृढ बनाएको छ। "यदि म एक्लै हुन्थेँ भने सायद आफ्नो नाम लुकाउँदिनथेँ", उहाँले भन्नुभयो, "तर अहिले म सौतेनी आमा हुँ, जटिल पारिवारिक संरचनाको हिस्सा हुँ र जिम्मेवारी महसुस गर्छु।"युद्धले उहाँको निजी जीवनमा पनि गहिरो प्रभाव पारेको छ। लामो समयसम्म उहाँलाई सामान्य खुशी अनुभव गर्न पनि गाह्रो भएको थियो। दुई वर्षपछि मात्र उहाँले एक दिन निस्फिक्री हिँड्दै गर्दा आफू दोषबोधबिना खुसी महसुस गर्न सकेको सम्झनुभयो।

"एक दिन हामी साथीहरू सँगै हिँडिरहेका थियौँ। मौसम राम्रो थियो, हामी केवल कुरा गरिरहेका थियौँ", उहाँले भन्नुभयो, "त्यतिबेला मैले महसुस गरेँ–यो एउटा राम्रो दिन हो, र यसलाई रमाइलो मान्दा म दोषी महसुस गरिरहेकी छैन।"उहाँ अहिले आफ्ना सौतेनी सन्तानहरूको हेरचाहलाई एक प्रकारको 'पलायन' जस्तै ठान्नुहुन्छ। तर युद्धको छायाँ उहाँको दैनिक जीवनबाट हटेको छैन। परोपकारी कामका क्रममा पनि कससँग सहयोग लिने वा कससँग काम गर्ने भन्ने विषयमा उहाँ सधैँ सजग रहनुपर्ने बताउनुहुन्छ, किनकि धेरै संस्था र व्यक्तिहरू कुनै न कुनै रूपमा सैन्य अभियानसँग जोडिएका हुन सक्छन्।

# मल आपूर्तिमा सुधार, सरकार भन्छ– रोपाइँमा अभाव हुँदैन

काठमाण्डु । हरेक वर्ष किसानले भोग्दै आएको रासायनिक मल अभाव र सास्ती यस वर्ष भने कम हुने सरकारले दाबी गरेको छ।

सरकारी प्रयास र निरन्तर सहजीकरणले चालु आर्थिक वर्ष मल आपूर्ति र वितरण प्रणालीमा व्यापक सुधार देखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दाबी गरेको छ ।ढुवानी प्रक्रिया सहज बनाइनुका साथै वितरण प्रणाली चुस्त बनाउँदा किसानको खेतसम्म मल पुग्ने प्रक्रिया विगतभन्दा निकै प्रभावकारी बनेको र मलको दैनिक प्रवाह दोब्बरभन्दा बढी रहेको मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ तथा सूचना अधिकारी महानन्द जोशीले बताए ।चालु आर्थिक वर्ष २०८२/८३ फागुन पहिलो सातासम्म ३ लाख ९० हजार टन बढी रासायनिक मल किसानसम्म पुगिसकेको हुँदा बर्खे धानको ब्याड राख्नसमेत पुग्ने मन्त्रालयको दाबी छ ।विगतमा जस्तो प्रक्रियागत ढिलासुस्ती र अवरोध यस वर्ष नरहेको मन्त्रालयका सूचना अधिकारी जोशीको भनाइ छ । उनका अनुसार भारतको कोलकाता र विशाखापटनम बन्दरगाहबाट मल ढुवानीको काम अत्यन्तै छिटो र सहज रूपमा भइरहेको छ।

‘विगतमा जस्तो प्रक्रियागत ढिलाइ अहिले छैन,’ सूचना अधिकारी जोशीले भने, ‘जसले गर्दा मल आपूर्ति निरन्तर भइरहेको छ।

’आपूर्ति सहज भएसँगै वितरण प्रणालीमा पनि उल्लेखनीय सुधार आएको उनले बताए । विगतमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनका डिपोबाट दैनिक करिब २ हजार टन मात्रै मल वितरण हुने गरेकामा हाल यो परिमाण बढेर दैनिक ४ देखि ५ हजार टन पुगेको छ।

‘मलको प्रवाह (फ्लो) बढेकाले किसानले समयमै पाउन थालेका छन्,’ उनले भने, ‘यसले गर्दा विगतमा जस्तो किसानले मल नपाएर गुनासो गर्नुपर्ने अवस्था छैन।’अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य बढेका कारण चालु आर्थिक वर्षका लागि विनियोजन गरेको बजेट अपुग भएपछि मन्त्रालयले थप रकमका लागि



अर्थ मन्त्रालयसँग आग्रह गरेको छ।

सूचना अधिकारी जोशीका अनुसार आगामी आवका लागि चाहिने मल ल्याउन स्रोत सहमति अनुसार ठेक्का प्रक्रिया अगाडि बढिसकेको छ । यदि उक्त मल साउन महिना (आगामी आर्थिक वर्ष) मा आइपुगे त्यसको भुक्तानी अर्को वर्षको बजेटबाट गर्न सकिने हुँदा केही सहज हुने मन्त्रालयको अपेक्षा छ ।कृषि मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठका अनुसार वैज्ञानिक र प्राविधिक हिसाबले आवश्यकता धेरै देखिए पनि व्यावहारिक रूपमा ९ लाख टन मलले मुलुकको माग धान्न सक्ने देखिन्छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले माटोको स्वास्थ्य र बालीको उत्पादकत्वका आधारमा गरेको सिफारिस मान्ने हो भने नेपाललाई वार्षिक १७ लाख ३७ हजार टन रासायनिक मल आवश्यक पर्ने नयाँ तथ्यांक आएको उनले बताए।‘हामीले लामो समय लगाएर हिसाब निकाल्यौं, नार्कको सिफारिस अनुसार १७ लाख ३७ हजार टन चाहिन्छ,’ सहसचिव श्रेष्ठले भन्ने, ‘तर, सबैले सिफारिस अनुसार मल हाल्दैनन्, पहाडी र हिमाली भेगमा मल प्रयोग निकै कम छ, विशेषगरी गण्डकी र कर्णाली प्रदेशमा खपत दर न्यून छ।’

यी सबै पक्ष र पछिल्लो कृषि गणना तथ्यांक आधार मान्दा नेपालको वास्तविक र प्रभावकारी माग ८ लाख ९१ हजार टन देखिएको र त्यसलाई थप समायोजन गर्दा ८ लाख टन मल भए पुग्ने मन्त्रालयको प्रक्षेपण छ ।मन्त्रालयले आगामी आर्थिक वर्षका लागि ६ लाख टन मल सरकारी अनुदान मार्फत ल्याउने योजना बनाएको छ । बाँकी माग निजी क्षेत्रको आपूर्तिले पूरा गर्ने विश्वास लिइएको छ।

यद्यपि, मल खरिदका लागि बजेटको भने ठूलो चुनौती देखिएको छ। सहसचिव श्रेष्ठका अनुसार हालको अन्तर्राष्ट्रिय बजार मूल्य र विनिमयदर हेर्दा मल आपूर्तिमा करिब ५ अर्ब रुपैयाँ बजेट अपुग हुने देखिएको छ ।सरकारी अनुदानको बजेटले करिब साढे ४ देखि ५ लाख टन मात्रै मल ल्याउन सकिने हुँदा माग र आपूर्तिबीचको खाडल भने कायमै छ।

**तथ्यांकमा मलको अवस्था**

सरकारले चालु आवका लागि ६ लाख टन मल ल्याउने लक्ष्य राखेकोमा ८ फागुनसम्म करिब पौने ५ लाख टन (४ लाख ७१ हजार ५ सय ११.९५ टन) आपूर्ति भइसकेको छ ।कृषि मन्त्रालयको तथ्यांक अनुसार कृषि सामग्री कम्पनीले ३ लाख ४७ हजार ६ सय ६१ टन र साल्ट ट्रेडिङले १ लाख २३ हजार ८ सय ५०.३ टन मल आयात गरेका हुन्।

आपूर्ति भएको मलमा २ लाख ७८ हजार ७ सय ७३.५ टन युरिया, १ लाख ७५ हजार १ सय ५०.७५ टन डीएपी र १७ हजार ५ सय ८७.७ टन पोटास छ ।चालु आव मल खरिदका लागि सरकारले २८ अर्ब ८२ करोड १४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो, जस अन्तर्गत हालसम्म ४ लाख ९१ हजार ४ सय टन मल खरिदका लागि टेन्डर प्रक्रिया अघि बढिसकेको छ।

**पर्याप्त मौज्दात, निरन्तर बिक्री**

आयात भएको र गत आवको मौज्दात समेत गरी हालसम्म ३ लाख ९० हजार ६६ टन मल बिक्री भइसकेको छ। कुल बिक्रीमध्ये २ लाख २७ हजार ७ सय ८१ टन युरिया, १ लाख ५१ हजार १ सय १४ टन डीएपी र ११ हजार १ सय ७० टन पोटास बिक्री भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।यो अवधिमा कृषि सामग्रीले १ लाख ७६ हजार ७ सय १० टन युरिया, १ लाख ६ हजार १ सय ७१ टन डीएपी र ५ हजार ७ सय २९ टन पोटास गरी कुल २ लाख ८८ हजार ६ सय ११ टन मल बिक्री गरेको छ ।यस्तै साल्ट ट्रेडिङले ५१ हजार ७० टन युरिया, ४४ हजार ९ सय ४३ टन डीएपी र ५ हजार ४ सय ४० टन पोटास गरी कुल १ लाख १ हजार ४ सय ५४ टन बिक्री गरेको मन्त्रालयले जानकारी दिएको छ।

**कति छ मौज्दात ?**

हाल कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङको गोदाममा कुल १ लाख २७ हजार ४ सय ९२.७ टन मल मौज्दात छ, जसमा ७६ हजार ९५. ६५ टन युरिया, ३७ हजार ८ सय ६०.३ टन डीएपी र १७ हजार ५ सय ८७.७ टन पोटास समावेश छ ।यसबाहेक ३३ हजार ३ सय ९५.३ टन मल नेपाल भित्रिने प्रक्रियामा (मार्गस्थ) रहेको मन्त्रालयले जनाएको छ।

धान रोपाइँमा मल अभाव नहुने प्रत्याभूति

आगामी बर्खे धान सिजन लक्षित गरी योजनाबद्ध तयारी थालेको कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले बताए।

हालको मौज्दात र बाटोमा आउँदै गरेको मलले धान रोपाइँको मुख्य सिजनसम्मको माग धान्न पर्याप्त हुने उनको दाबी छ।

‘हामीसँग भएको मौज्दात र आउँदै गरेको मलले असार मध्यसम्म पनि पुग्न सक्छ,’ उनले भने, ‘तर, किसानले पहिले नै लगेर भण्डारण गर्ने हुँदा जेठसम्ममा सकिने अनुमान गरेका छौं ।’उनका अनुसार धान रोपाइँको मुख्य सिजन असार, साउन र भदौ लक्षित गरी थप डेढ लाख टन मल खरिदका लागि नयाँ टेन्डर आह्वान गरिएको छ ।अर्थ मन्त्रालयबाट प्राप्त स्रोत सहमतिका आधारमा ९० हजार टन युरिया र ६० हजार टन डीएपी मल खरिद गरिने छ।

‘किसानलाई एकै पटक चाप नपरोस् भनेर हामीले यो मल फरक-फरक महिनामा आपूर्ति हुने गरी योजना बनाएका छौं,’ उनले थपे ।मन्त्रालयका अनुसार मुलुकको कुल वार्षिक रासायनिक मल माग १३ लाख टन भए पनि सरकारी अनुदानको बजेटले करिब साढे ४ देखि ५ लाख टन मात्रै ल्याउन सकिने हुँदा माग र आपूर्तिबीचको खाडल भने कायमै छ ।अनलाइन

# मतदाता गाउँ फर्किएसँगै पर्यटकको आगमन पनि बढ्दै



मनाङ । यहाँ मतदातासँगै पर्यटकको आगमन पनि बढ्दै गएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनमा विहीबार मतदानका लागि आएका मतदातासँगै पर्यटकको चहलपहल बढ्न थालेको हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालयका संरक्षण शिक्षा सहायक भुपेन्द्र गुरुङले प्रत्येक सवारीसाधनमा मतदातासँगै पर्यटकको आगमन बढ्दै गएको बताउनुभयो । “मतदाता फर्कन थालेसँगै पर्यटकको आगमन भइरहेको छ”, उहाँले भन्नुभयो, “दैनिक रूपमा ५०-६० पर्यटक आगमन भएको अभिलेख छ ।”

बिस्तारै ‘सिजन’ पनि सुरुआत भएको र यस पटक निर्वाचन पनि भएकाले मतदातासँगै पर्यटकको आगमन भइरहेको गुरुङले बताउनुभयो । “पर्यटकका लागि बसोबास गर्ने तथा होटल सरसफाइ गर्न बाँकी हुँदै पर्यटकको आगमन बढ्न थालेको छ”, संरक्षण शिक्षा सहायक गुरुङले भन्नुभयो । यहाँ मौसम अनुकूल हुँदै गएका विदेशी पर्यटकको आगमन बढ्दै गएको उहाँले बताउनुभयो । यतिबेला होटल तथा बसोबासका लागि व्यवस्थापन सहज हुने र भीडभाड कम हुने भएकाले पनि विदेशी पर्यटकको आगमन भइरहेको गुरुङको भनाइ छ ।

जिल्लावासी मतदानका लागि आइसकेका र सुरक्षित तवरबाट निर्वाचन सम्पन्न गर्न सम्पूर्ण तयारी गरिएको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिनुभयो । उहाँले निर्वाचनको समय भएकाले सुरक्षा निकायको बढी प्राथमिकतामा निर्वाचन सम्पन्न गर्नुमा रहेकाले सचेत भएर यात्रा गर्न पर्यटकलाई सुझाव दिइएको बताउनुभयो । “पर्यटन यहाँको प्रमुख आयस्रोत भएकाले पर्यटकको र निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्नुपर्ने दायित्वका कारण दुबै पक्षलाई ध्यान दिएर सुरक्षाको व्यवस्था गरिएको छ”, प्रजिअ पौड्यालले भन्नुभयो ।

मनाङ आउने अधिकांश पर्यटक तिलिचो ताल हुँदै थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ निस्कन्छन् भने केही पर्यटक लार्केभञ्ज्याङ हुँदै मनास्लुतर्फ लाग्ने गर्दछन् । साथै, पर्यटकहरू अन्नपूर्ण पदमार्गमार्फत मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन् । हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न यहाँ पर्यटकको आकर्षण र आगमन हुने गरेको छ ।


अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट पर्यटकले यात्राको सुरुआत गर्छन् । यस पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँचवटा जिल्ला जोडिएका छन् । विगतमा काठमाडौंदेखि बेँसीसहरसम्म सवारीसाधनमा आउने पर्यटक पछिल्लो समय सडक सञ्जालको सहजताले सवारीसाधनमा चामे, खाङ्सारसम्म पुग्ने गरेका छन् । त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा सुरु हुने गरेको छ ।रासस

# विद्युतीय गाडी बिक्रीमा नेपाल संसारकै दोस्रो स्थानमा

काठमाण्डु । विद्युतीय गाडी (ईभी) बिक्रीमा नेपालले संसारकै दोस्रो स्थान ओगटेको छ।

सन् २०२५ मा संसारभरिबाट बिक्री भएका ईभी कारहरूमा नेपाल सबैभन्दा बढी बिक्री गर्नेमा दोस्रो स्थानमा रहेको हो । पहिलो नम्बरमा युरोपको नर्वे रहेको छ ।नर्वेले २०२५ मा ९७ प्रतिशत नयाँ ईभी गाडी बिक्री गरेर संसारकै पहिलो बनेको थियो भने नेपाल दोस्रो स्थानमा रहेको थियो।

नेपाल विश्वव्यापी रूपमा दोस्रो स्थानमा छ। २०२५ मा नयाँ कार बिक्रीको ७३ प्रतिशत हिस्सा ईभीले ओगटेको अनुमान गरिएको छ । जबकि, २०१९ मा केवल ८ प्रतिशत मात्रै थियो ।२०१९ र २०२५ बीचको ईभी बिक्री हिस्सा हेर्दा नेपालमा २०१९ को



तुलनामा २०२५ मा ईभी कार बिक्री ह्वात्तै बढेको हो ।चीन परिमाणका हिसाबले सबैभन्दा ठूलो ईभी बजार हो, जहाँ २०२५ मा १ करोड ३० लाखभन्दा बढी ईभी बिक्री भएको थियो। २०१९ मा धेरैजसो देशमा विद्युतीय सवारीसाधन अझै पनि एक विशिष्ट खरिद थिए, जसले नयाँ कार बिक्रीको एकल-अंकको हिस्सा ओगटेको थियो।

२०२५ सम्म धेरै बजारमा ईभी प्रमुख स्थानमा सरेका थिए। नर्वेमा ईभीले नयाँ कार बिक्रीको ९७ प्रतिशत ओगटेको अनुमान गरिएको थियो, जसको अर्थ बेचिने लगभग हरेक नयाँ कार विद्युतीय थियो ।धेरै अन्य देशले ५० प्रतिशत थ्रेसहोल्ड पार गरे र चीनमा ईभीहरूले विश्वको सबैभन्दा ठूलो अटो बजारमा सबै नयाँ कार बिक्रीको आधा भन्दा बढी ओगटेका थिए ।अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी र एम्बरको तथ्यांक अनुसार ईभीमा ब्याट्री इलेक्ट्रिक सवारीसाधन र प्लग-इन हाइब्रिड इलेक्ट्रिक सवारीसाधन दुवै समावेश छन्।

नेपालले सन् २०१९ को तुलनामा ६१ प्रतिशत इभी बिक्री बढाएको थियो । यो अवधिमा फिनल्यान्ड र डेनमार्क दुवैले ५० प्रतिशतभन्दा बढी पुर्‍याएका छन् ।प्रतिशतका हिसाबले नर्वे अग्रणी छ भने पूर्ण संख्यामा चीनले प्रभुत्व जमाएको छ । २०२५ मा चीनमा ईभी बिक्री १ करोड ३२ लाखभन्दा बढी पुग्ने अनुमान गरिएको छ, जुन नयाँ कार बिक्रीको ५३ प्रतिशत हो । यसले चीनलाई मात्राको हिसाबले सबैभन्दा ठूलो ईभी बजार र बजार हिस्साका हिसाबले सबैभन्दा छिटो बढ्दो बजारमध्ये एक देखिएको छ।

अमेरिकाको ईभी बिक्री हिस्सा २०२५ मा १० प्रतिशत छ। यो भनेको लगभग १६ लाख युनिट हो ।रासस

# कच्चा तेलको मूल्यमा भारी वृद्धि



काठमाण्डु । अमेरिका र इरानबीचको युद्धका कारण होर्मुज बन्द हुँदा कच्चा तेलको मूल्य बढेको छ।

इराक र कतारले तेल तथा ग्यास उत्पादन कटौती गरेपछि विश्व अर्थतन्त्रमा ऊर्जा संकटको त्रास बढेको छ।

अमेरिकी सिनेटले युद्ध रोक्ने प्रस्ताव अस्वीकार गरेपछि बजार थप त्रसित बनेको छ।

दुबई । अमेरिका र इरानबिच जारी युद्धका कारण विश्वकै महत्त्वपूर्ण तेल आपूर्ति मार्ग स्ट्रेट अफ होर्मुज बन्द भएपछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य आकाशिएको छ। बिहीबार ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल २.०५ प्रतिशतले बढेर ८३.०७ डलर पुगेको छ भने अमेरिकी वेस्ट टेक्सस इन्टरमिडिएट २.६० प्रतिशतले वृद्धि भई ७६.६० डलर कायम भएको छ।

मध्यपूर्वबाट हुने इन्धन आपूर्ति अवरुद्ध हुँदा र उत्पादन सुविधाहरू खुम्चिँदै जाँदा विश्व अर्थतन्त्रमा ऊर्जा संकटको नयाँ त्रास उत्पन्न भएको छ। बुधबार श्रीलंका नजिकै अमेरिकी आक्रमणमा इरानी युद्धपोत ध्वस्त भएपछि युद्धको दायरा थप फैलिएको छ। यता अमेरिकी सिनेटमा रिपब्लिकन सदस्यहरूले राष्ट्रपति डोनाल्ड ट्रम्पको सैन्य अभियानको समर्थन गर्दै युद्ध रोक्ने प्रस्तावलाई विफल पारिदिएका छन्। यस राजनीतिक विकासक्रमले युद्ध तत्काल नरोकिने संकेत गरेपछि ऊर्जा बजार थप त्रसित बनेको हो।

ओपेकको दोस्रो ठूलो तेल उत्पादक राष्ट्र इराकले निर्यात मार्ग र भण्डारणको अभावमा दैनिक १५ लाख ब्यारेल तेल उत्पादन कटौती गरेको छ भने विश्वकै ठूलो एलएनजी उत्पादक कतारले ग्यास निर्यातमा फोर्स मेजर घोषणा गर्दै उत्पादन सामान्य हुन कम्तीमा एक महिना लाग्ने जनाएको छ। विश्वको कुल ऊर्जा खपतको करिब पाँचौं हिस्सा ओगट्ने स्ट्रेट अफ होर्मुज पाँच दिनदेखि पूर्ण रूपमा ठप्प छ। जेपी मोर्गनका अनुसार करिब ३२९ वटा तेल ट्याङ्करहरू अहिले खाडी क्षेत्रमा फसेका छन्। बेलायती समुद्री व्यापार निकायले कुवेत नजिकै एउटा ट्याङ्कर नजिक ठूलो विष्फोट भएको रिपोर्ट गरेको छ, जसले समुद्री मार्गको जोखिमलाई थप उजागर गरेको छ। इरानले अहिलेसम्म मुख्य ऊर्जा पूर्वाधारलाई प्रत्यक्ष निशाना नबनाए पनि ढुवानीमा सिर्जना गरेको अवरोधले विश्वव्यापी आपूर्ति प्रणालीलाई नै छिन्नभिन्न बनाइदिएको छ।

विज्ञहरूका अनुसार तेल क्षेत्रहरू पुनः सञ्चालन गर्न प्राविधिक रूपमा कठिन नभए पनि अहिलेको मुख्य चुनौती सुरक्षा र ढुवानी व्यवस्थापन हो। साउदी अरब, संयुक्त अरब इमिरेट्स र कुवेत जस्ता देशहरूको भण्डारण क्षमता र बढ्दो इन्धन मूल्यले यस सैन्य अभियानको भविष्य र विश्व बजारको स्थिरता तय गर्ने देखिन्छ। खाडी राष्ट्रहरूले आफ्नो क्षमता पुनः प्राप्ति गर्न दुई देखि तीन हप्ता लाग्न सक्ने भए पनि युद्ध लम्बिँदै जाँदा विश्वभर इन्धनको हाहाकार मच्चिने जोखिम बढेको छारातोपाटी

# चाँदीमा लगानीकर्ताको कीर्तिमानी ओइरो

काठमाण्डु । चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्ममा २२ अर्ब ३४ करोड १४ लाख ७८ हजार रुपैयाँको १२ लाख २० हजार ६३२ ग्राम सुन आयात भएको छ। उक्त परिमाणमा सुन आयात हुँदा २ अर्ब २३ करोड ५४ लाख २१ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

यस्तै यो अवधिमा कुल २४ अर्ब ९१ लाख ८९ हजार रुपैयाँको ८ करोड २४ लाख ७ हजार ६८९ ग्राम चाँदी आयात भएको छ। उक्त परिमाणमा चाँदी आयात हुँदा २ अर्ब ४० करोड ९ लाख ४३ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

सुनको उच्च मूल्य र लगानीमा रहेको प्रतिबन्धका कारण धेरै लगानीकर्ताहरू चाँदीतर्फ आकर्षित भएको व्यवसायी बताउँछन् । चाँदीको मूल्यमा भइरहेको तीव्र वृद्धि र थप बढ्ने हल्लाले यसलाई लगानीको एक आकर्षक साधनको रूपमा स्थापित गरेको छ। व्यवसायीका अनुसार अहिले चाँदीको प्रयोग भाँडाकुँडाभन्दा पनि लगानीका लागि ढिक्काको कारोबारका रूपमा बढी भइरहेको छ, जसले यसको माग र आयात बढ्दै गएको देखिन्छ।



> चाँदीको आयात मूल्य तथा परिमाणका हिसाबले विगतका सबै रेकर्ड तोडिएको छ ।माघ मसान्तसम्ममा अवधिमा कुल २४ अर्ब ९१ लाख ८९ हजार रुपैयाँको ८ करोड २४ लाख ७ हजार ६८९ ग्राम चाँदी आयात भएको छ ।

**चाादीको माग बढेपछि आयात बढ्यो**

चालु आर्थिक वर्ष २०८२/८३ को पछिल्लो सात महिनामा चाँदीको आयातमा कीर्तिमानी वृद्धि भएको छ । जसले नेपाली बजारमा चाँदीप्रति लगानीकर्ताको आकर्षण देखिएको पुष्टि गर्दछ । भन्सार विभागको तथ्यांकअनुसार सुनको मूल्य प्रतितोला ३ लाख रुपैयाँ माथि पुगेका बेला पनि चाँदीमा लगानी गर्ने क्रम तीव्र बनेको देखिएको छ।

चाँदीको आयात मूल्य तथा परिमाणका हिसाबले विगतका सबै रेकर्ड तोडिएको छ ।माघ मसान्तसम्ममा अवधिमा कुल २४ अर्ब ९१ लाख ८९ हजार रुपैयाँको ८ करोड २४ लाख ७ हजार ६८९ ग्राम चाँदी आयात भएको छ। उक्त परिमाणमा चाँदी आयात हुँदा २ अर्ब ४० करोड ९ लाख ४३ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

यसमध्ये १५ अर्ब २० करोड ६३ लाख ७१ हजार रुपैयाँको ४ करोड ९२ लाख ३० हजार ८३४ ग्राम प्लेटिनमले जलप लगाएको चाँदी, ३३ करोड ८८ लाख २८ हजार रुपैयाँको १५ लाख ४० हजार ३३५ चाँदी र ८ अर्ब ४६ करोड ३९ लाख ९० हजार रुपैयाँको ३ करोड १६ लाख ३६ हजार ५२० ग्राम धुलो चाँदी आयात भएको उल्लेख छ।

अघिल्लो आर्थिक वर्षको सोहि अवधिमा ४ अर्ब ४९ लाख ७७ हजार रुपैयाँको २ करोड ९१ लाख ५९ हजार ५९५ ग्राम चाँदि आयात भएको थियो। उक्त परिमाणमा चाँदी आयात हुँदा ४६ करोड २४ लाख ८६ हजार रुपैयाँ राजस्व संकलन भएको उल्लेख छ। यसमध्ये २ अर्ब ७५ करोड ३५ लाख ३२ हजार रुपैयाँको २ करोड ४८ हजार ८२ ग्राम चाँदीको धुलो आयात भएको थियो। यस्तै १ अर्ब २५ करोड १० लाख १५ हजार रुपैयाँको ९१ लाख १० हजार ग्राम प्लेटिनमले जलप लगाएको चाँदी आयात भएको थियोभने ४ लाख ३१ हजार रुपैयाँको १ हजार ५१३ ग्राम चाँदी आयात भएको विभागको तथ्यांकमा उल्लेख छ।

**सुनको मूल्य बढ्दा पनि आयात बढ्यो**

सुनको मूल्य उच्च वृद्धि हुँदा पनि आयातभने घट्न सकेको छैन। चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्ममा २२ अर्ब ३४ करोड १४ लाख ७८ हजार रुपैयाँको १२ लाख २० हजार ६३२ ग्राम सुन आयात भएको छ। उक्त परिमाणमा सुन आयात हुँदा २ अर्ब २३ करोड ५४ लाख २१ हजार रुपैयाा राजस्व संकलन भएको छ।

कुल आयातमध्ये २१ अर्ब २० करोड ७ लाख ९८ हजार रुपैयाँको रुपैयाँको ११ लाख ५४ हजार ११३ ग्राम काँचो सुन आयात भएको भने १ अर्ब १४ करोड ६ लाख ८० हजार रुपैयाँको ६६ हजार ५१९ ग्राम सुनका गरगहना आयात भएको विभागको तथ्यांकमा उल्लेख छ।

अघिल्लो वर्षको सोही अवधिमा १२ अर्ब ३३ करोड ७२ लाख १६ हजार रुपैयाँको १० लाख ५२ हजार ७१२ ग्राम सुन आयात भएको थियो । उक्त परिमाणमा सुन आयात हुँदा १ अर्ब ४९ करोड २९ लाख २ हजार रुपैयाँ राजस्व संकलन भएको छ। यसमध्ये १० अर्ब ४५ करोड ४९ लाख २२ हजार रुपैयाँको ८ लाख ८७ हजार ३२८ ग्राम काँचो सुन र १ अर्ब ८८ करोड २२ लाख ९४ हजार रुपैयाँको १ लाख ६५ हजार ३८४ ग्रामका गरगहना आयात भएको उल्लेख छ ।

यस वर्ष सुनको मूल्य अत्यधिक बढे पनि अघिल्लो वर्षको सोही अवधिको तुलनामा सुन आयातको कुल मूल्य करिब १० अर्ब रुपैयाँले बढेको छ भने परिमाण पनि करिब १ लाख ६७ हजार ९ सय २० ग्रामले वृद्धि भएको छ। यसले उच्च मूल्यका बाबजुद बजारमा सुनको माग उच्च रहेको स्पष्ट देखाउँछ ।रासस

# सर्लाहीका उम्मेदवारहरु आफैलाई भोट हाल्न पाएनन्



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीबाट चुनाव लडेका करीब आधा दर्जन शिर्षस्थ नेताहरुले आफूलाई नै मतदान गर्न पाएका छैनन्।

सर्लाही ४ बाट कांग्रेसको उम्मेदवार रहेका गगनकुमार थापा सर्लाही ४ मा मतदान गरेर दिउँसो मात्र सर्लाही आइपुगे। हेलिकप्टरबाट सर्लाही आएपछि उनले क्षेत्र नं. ४ का मतदान केन्द्रहरुको निरीक्षण गरेका छन्।

गोरखाको मतदाता रहेका सर्लाही ३ बाट नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार नारायण काजी श्रेष्ठले पनि आफूलाई मतदान गर्न पाएन।

सर्लाही २ बाट उम्मेदवार रहेका राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले पनि आफूलाई मतदान गर्न पाएनन्। उनले क्षेत्र नं. १ स्थित चन्द्रनगर गाउँपालिका २ बबरगन्जमा रहेको दुर्गा खोभारी माविबाट मतदान गरेका छन्।

सर्लाहीमा नेपाली कम्युनिष्ट पार्टीका नेता एवं पूर्व मन्त्री महेन्द्र राय यादव, पूर्व मन्त्री हरिप्रसाद उप्रेती, पूर्व राज्यमन्त्री शम्भुलाल श्रेष्ठलगायत अन्य उम्मेदवारले भने आफ्नै निर्वाचन क्षेत्रबाट मतदान गरेका छन्।

यस्तो सिराहाका दुई उम्मेदवार समेत आफैलाई भोट हाल्न पाएका छैनन्। सिराहा निर्वाचन क्षेत्र नं. १ का स्वतन्त्र उम्मेदवार सन्तोष सिलवाल र क्षेत्र नं. २ श्रम संस्कृति पार्टीका उम्मेदवार गंगाराम ठाकुरले आफ्नो भोट आफैँलाई हाल्न पाएनन्।

काठमाडौं टोखा नगरपालिका- ५ धापासी घर भएका सिलवालको नाम मतदाता सूचीमा नाम उतै भएकाले आफ्नो लागि भोट हाल्न नपाउने भएका हुन्। त्यस्तै, ठाकुरको नाम क्षेत्र नं. ३ मा पर्ने गोलबजार नगरपालिका- ६ स्थित जनहित मा.वि. डोहटिया मतदानस्थलमा भएकाले उम्मेदवार भए पनि आफ्नो भोट अन्यलाई दिनुपर्ने, तर आफूलाई दिन पाएनन्।

सिराहाको चारवटा निर्वाचन क्षेत्रबाट विभिन्न सानाठुला दल र स्वतन्त्र गरी एक सय ३८ जना प्रतिस्पर्धामा छन्। निर्वाचनमा विभिन्न दलबाट तीन र पाँच स्वतन्त्र गरी आठजना महिलासहित ५३ दलीय र ८५ स्वतन्त्र उम्मेदवार छन्। कुल चार लाख ५३ हजार ६४५ मतदाता रहेको जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा दुई लाख ४१ हजार ६१५ पुरुष, दुई लाख १२ हजार २८ महिला र दुई अन्य मतदता रहेको जिल्ला निर्वाचन कार्यालय सिराहाले जनाएको छ।

# २०४८ यता सबैभन्दा कम मतदान २०८२ मा


**टुडे समाचारदाता**

जनकपुरधाम। बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन २०४८ देखि हालसम्म सबैभन्दा कम मतदान भएको देखिएको छ। निर्वाचनअघि परिवर्तन भनी नामले उत्साह देखिएकोमा निर्वाचनका दिन खासै उत्साह देखिएन।

अहिलेसम्म भएको निर्वाचनमा ६० प्रतिशतभन्दा बढी नै मतदान भएको तथ्यांकले देखाउंछ। तर बिहीवार सम्पन्न निर्वाचनमा अनुमानित मात्र ६० प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ। बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको निर्वाचनमा अघिल्ला निर्वाचनको तुलनामा थोरै मत खसेको हो। भदौमा भएको जेनजी आन्दोलनका कारण प्रतिनिधिसभा विघटन भएपछि ताजा जनादेशका लागि यो निर्वाचन भएको थियो।

आयोगका अनुसार पुरुषः ९६ लाख ६३ हजार ३५८ र महिलाः ९२ लाख ४० हजार १३१ गरी कुल मतदाता १ करोड ८९ लाख ३ हजार ६८९ जना मतदाता यस वर्ष रहेको छ। आयोगका अनुसार केही ठाउँमा सामान्य छिटफुट घटना बाहेक देशभर शान्तिपूर्ण मतदान भएको छ।

गणतन्त्र स्थापनापछिको १८ वर्षमा दुईवटा संविधानसभा र दुईवटा संघीय प्रतिनिधिसभा निर्वाचन भइसकेको छ। २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४८, २०५१ र २०५६ सालमा संसदीय निर्वाचन भएको थियो। ती निर्वाचनमध्ये सबैभन्दा बढी मत २०७० सालको संविधानसभा निर्वाचनमा खसेको आयोगको तथ्यांकले देखाएको छ।




आम निर्वाचन, २०४८ मा १ करोड ११ लाख ९१ हजार ७७७ मतदातामा ७२ लाख ९१ हजार ८४ (६५.१५%), २०५१ मा १ करोड २३ लाख २७ हजार ३२९ रहेकोमा ७६ लाख २५ हजार ३४८ (६१.८६%) र २०५६ मा १ करोड ३५ लाख १८ हजार ८३९ मतदाता रहेकोमा ८८ हजार ९४ हजार ५६६ (६५.७९%) मतदान भएको थियो।

### संविधानसभा निर्वाचन-२०६४

पहिलो संविधानसभा निर्वाचनमा कुल मतदाता एक करोड ७६ लाख ११ हजार ८३२ रहेकोमा कुल एक करोड ८ लाख ६६ हजार १३१ मत खसेको थियो। त्यसमध्ये एक करोड ३ लाख ६ हजार १२० मत सदर भएको थियो। पाँच लाख ६० हजार ११ मत बदर भएको थियो। समग्रमा ६१.६९ प्रतिशत मत खसेको थियो।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुल एक करोड ११ लाख ४६ हजार ५४० मत खसेको थियो। त्यसमध्ये एक करोड ७ लाख ३९ हजार ७८ (९६.३४ प्रतिशत) मत सदर भएको थियो।

त्यतिबेला अस्थायी मतदाताको व्यवस्था थियो। सरकारी कार्यालय, स्थानीय निकाय, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थानमा कार्यरत कर्मचारी, सैनिक, प्रहरी ब्यारेकमा रहेका, माओवादी शिविरमा रहेका लडाकु, कारागारमा रहेका कैदी, बन्दी, निर्वाचन केन्द्रमा खटिएका कर्मचारीलाई अस्थायी मताधिकारको व्यवस्था मिलाइएको थियो। संविधानसभा सदस्य निर्वाचनका लागि ४ लाख १३ हजार ५४४ अस्थायी मतदाता थिए।

### संविधानसभा निर्वाचन-२०७०

दोस्रो संविधानसभा सदस्य निर्वाचनमा एक करोड २१ लाख ४७ कुल मतदता रहेका थिए। तीमध्ये प्रत्यक्षतर्फ ९० लाख ४४ हजार ९०८ अर्थात् ७४.४६ प्रतिशत मत खसेको थियो। समानुपातिकतर्फ ९४ लाख ६३ हजार ८६२ मत खसेको थियो।

### प्रतिनिधिसभा निर्वाचन-२०७४

नयाँ संविधान जारी भएपछि २०७४ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा कुल मतदाता एक करोड ५४ लाख २८ हजार १६० रहेकोमा कुल सदर मत एक करोड पाँच लाख ८१ हजार ६८७ थियो। त्यतिबेला कुल बदर मत चार लाख ५० हजार ४८४ थियो। त्यस निर्वाचनमा कुल प्रतिशत मत ६८.५९ रहेको थियो।

यसैगरी समानुपातिकतर्फ कुल सदर मत एक करोड पाँच लाख ५० हजार ५२० रहेकोमा बदर मत १५ लाख ३१ हजार २२३ थियो। कुल ६८.३८ प्रतिशत मत खसेको थियो।

### प्रतिनिधिसभा निर्वाचन-२०७९

अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा कुल मतदाता एक करोड ७९ लाख ८८ हजार ५७० थिए।

जम्मा खसेको मत एक करोड ५६ लाख ६७ अर्थात् ५८.७ प्रतिशत मत खसेको थियो। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाअघि भएको तीनवटा संसदीय निर्वाचनमा ६५ प्रतिशतमाथि मत खसेको थियो। २०७० सालमा सबैभन्दा मत खसेको थियो।

# कारागारहरुमा शतप्रतिशत मतदान

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको जलेश्वर, राजविराज, वीरगञ्ज र गौरस्थित कारागारमा शतप्रतिशत मतदान भएको छ। ती कारागार हरुमा राखिएको अस्थायी मतदान केन्द्रहरुमा कैदीबन्दीहरूले पनि उत्साहजनक रूपमा मतदान गरेका छन्।



महोत्तरीको जलेश्वर कारागारमा ३९१ जना कैदीबन्दी रहेकोमा २१ जनाको नाम मतदाता नामावलीमा रहेकोमा सबै जनाले मतदान गरेको हो।

पर्साको वीरगञ्जमा रहेका कारागारमा पनि शतप्रतिशत मतदान भएको हो। जिल्ला निर्वाचन कार्यालय पर्साका प्रमुख अनामिका रौनियारका अनुसार कारागारमा रहेका ३३ जना कैदीबन्दीहरू यस पटकको निर्वाचन प्रक्रियामा सहभागी भएका छन्। ती कैदीबन्दीहरूले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गरेका हुन्।

उनले कैदीबन्दीले पनि आफ्नो मताधिकार प्रयोग गर्न पाउने कानुनी व्यवस्था अनुसार कारागारभित्रै मतदानको व्यवस्था मिलाइएको बताइन्। निर्वाचन प्रक्रियालाई व्यवस्थित बनाउन आवश्यक कर्मचारी तथा सुरक्षाको पूर्ण प्रबन्ध मिलाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

रौतहटको गौरस्थित कारागारमा रहेका २०८ कैदीबन्दी मध्ये ६३ जना मतदाता रहेका थिए। कारागारमा १९९ पुरुष र नौ जना महिला रहेकोमा ६३ जना पुरुष मतदाता रहेका छन्। ६३ जना मतदातामध्ये दुई जना भर्खरै कैदमुक्त भएका कारण ६१ जनाले मतदान गरेको कारागार कार्यालय गौर, रौतहट अस्थायी मतदान केन्द्रका मतदान अधिकृत साबित्रा थापाले जानकारी दिएका छन्।

मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र कार्यालय सहयोगी गरि तीन कर्मचारी खटाइएकोमा उहाँले पनि सोही मतदान केन्द्रबाट मतदान गरेका थिए। मतदान कर्मचारी बाहेक कारागार कार्यालयका कर्मचारी, निर्वाचन प्रहरी र नेपाली सेना गरी २२ जनाले मतदान गरेको मतदान अधिकृत थापाले जानकारी दिएका छन्।

यस्तै सप्तरीको राजविराजस्थित कारागारमा भएको मतदानमा ६८ जना कैदीबन्दीले मतदान गरेका हुन्। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयले तयार पारेको अस्थायी मतदाता नामाबली अनुसार कारागारमा ६९ जना कैदीबन्दीको नाम रहेकोमा ६६ जनाले मतदान समानुपातिक तर्फ गरेको मतदान अधिकृत उमेशकुमार अर्यालले जानकारी दिएका छन्।

कारागारमा कुल ६९ कैदीबन्दी र चार कर्मचारी गरी ७३ जना मतदाता रहनुभएको थियो। ६९ कैदीबन्दीमध्ये दुई जना कैद सजाय भुक्तान गरी जेलमुक्त भएको र एक जनाको स्थान्तरण भएकाले ६६ जनाले मतदान गरेको निमित्त जेलर सुशिल कर्णले बताए। यस्तै कर्मचारी तर्फ दुई जना गरी कुल ६८ मत खसेको उहाँले जानकारी दिएका छन्।

निर्वाचन आयोगको नीतिअनुसार कैदीबन्दी, सुरक्षाकर्मी र कर्मचारीहरूका लागि अस्थायी मतदान केन्द्रमार्फत समानुपातिकतर्फ मात्र मतदान गर्ने व्यवस्था गरिएको हो। कारागारभित्रै मतदान गर्न पाउँदा कैदीबन्दीहरूले आफूहरू पनि राज्यको लोकतान्त्रिक प्रक्रियामा सहभागी भएको अनुभूति गरेको बताइएको छ।

# निर्वाचन बाहेक अर्को विकल्प छैन : पूर्वराष्ट्रपति डा. यादव

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालका लागि प्रथम राष्ट्रपति डा.रामवरण यादवलले देशको वर्तमान अवस्थाबाट उचित निकास दिन निर्वाचन बाहेक अर्को विकल्प नभएको बताएका छन्।



बिहिबार प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मत खासल्न धनुषा निर्वाचन क्षेत्र- स्थित सपही आउनुभएका नेपालका प्रथम राष्ट्रपति डा.यादवले यस्तो बताएका हुन्।

उनले आफ्नो पैतृक गाउँ सपहीस्थित वी.पी. माध्यमिक विद्यालय मतदान केन्द्रमा मतदान पुगेर मतदान गरेका छन्। उनले गत भदौ २३ र २४ गते युवा पुस्ताले गरेको आन्दोलनपछि देशमा देखिएको राजनीतिक अवस्थालाई समाधान गर्ने प्रभावकारी माध्यम अहिलेको मध्यावधि निर्वाचन बनेको बताए।

डा.यादवले लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन सक्षम, इमानदार र जनताप्रति उत्तरदायी जनप्रतिनिधि चयन गर्नु अत्यन्त आवश्यक रहेको बताउनुहुँदै मतदाताले सोचविचार गरेर आफ्नो मत प्रयोग गर्नुपर्नेमा उनले जोड दिए।

पूर्व राष्ट्रपति यादवले अहिले भइरहेको निर्वाचनले देशको राजनीतिक अन्योल हटाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आम मतदाताको उत्साहजनक सहभागिता देखिएकोमा खुशी व्यक्त गरे।

ज्येष्ठ नागरिकसमेत रहेका डा. यादवले देशभर शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न हुने आशा व्यक्त गर्दै वर्तमान संविधानले प्रदान गरेका उपलब्धिको रक्षा गर्दै थप उपलब्धि हासिल गर्न पनि यो निर्वाचन महत्वपूर्ण हुने विश्वास व्यक्त गरे।

एनले सबै मतदातालाई जिम्मेवार ढङ्गले आफ्नो मताधिकार प्रयोग गर्दै असल र योग्य जनप्रतिनिधि चयन गर्न अपिल समेत गर्दै उम्मेदवार हरुलाई समेत संयमित भएर निर्वाचनपछि मतगणनामा संयमता अपनाएर शान्तिपूर्ण वातावरण निर्माण गर्न भने।

# अर्काको नामबाट मतदान गर्ने पक्राउ

**टुडे समाचारदाता**

रौतहट। प्रतिनिधि सभा सदस्य निर्वाचनमा अर्काको नाममा मतदान गर्न खोज्ने रौतहटबाट एक जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा रौतहटको राजपुर-९ का १५ वर्षीय आरजे हायात रहेका छन्।राजपुर नगरपालिका-९, बैरिया गाउँ उत्तरको यतीम खाना अनाथालय बरिया (क) मतदान केन्द्रमा फर्जी मत खसाल्न खोजेको आरोपमा हायातलाई प्रहरीको जिम्मा लगाइएको मतदान अधिकृत सुभाष यादवले बताएका छन।

उनका अनुार राजपुर नगरपालिका-९, बरियाका महम्मद आसिकको नाममा मत खसाल्न लागेकोले पहिचान पछि प्रहरीको जिम्मा लगाइएको छ। पक्राउ परेका हायातलाई नियन्त्रणमा राखिएको र निर्वाचन ऐन अनुसार कारबाही गरिने जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदिप बस्यालले जानकारी दिएका छन्।

# वीरगञ्जबाट ५ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। बुधवार सम्पन्न होलीको क्रममा वीरगञ्जबाट उच्छृ ल गतिविधि गरेको आरोपमा पर्साबाट ५ जना पक्राउ परेका छन्।

जिल्ला सुरक्षा समितिको निर्णय विपरीत गतिविधि गरेको आरोपमा उनीहरूलाई जिल्लाका विभिन्न स्थानबाट पक्राउ गरिएको पर्सा प्रहरीले जनाएको छ। पक्राउ पर्ने सबै पुरुष रहेको प्रहरीले जानकारी दिएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार जबरजस्ती रङ लगाउने, होहल्ला गर्ने लगायतका गतिविधिमा संलग्न रहेको आरोपमा उनीहरूलाई नियन्त्रणमा लिइएको हो।

यस्तै प्रहरीले नियम विपरीत सवारी चलाएको भन्दै ७० वटा सवारीसाधन पनि नियन्त्रणमा लिएको जनाएको छ। तीन जना सवार भई मोटरसाइकल चलाउने, अत्यधिक गतिमा सवारी चलाउने, हेलमेट नलगाउने तथा मदिरा सेवन गरी सवारी साधन चलाउने जस्ता गतिविधिमा संलग्न सवार ीसाधनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

पक्राउ परेकाहरूलाई हाल जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार विगत वर्षहरूको तुलनामा यस वर्ष वीरगञ्ज क्षेत्रमा होली पर्व शान्तिपूर्ण रूपमा मनाइएको छ र हालसम्म कुनै अप्रिय घटना नघटेको जनाएको छ।




# बर्दिबासमा झडप, ४ घाइते



**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको बर्दिवास नगरपालिका-७ स्थित राष्ट्रिय माध्यमिक विद्यालय प्रेमनगरमा रहेको मतदान केन्द्रमा मतदानका क्रममा झडप हुँदा चार जना घाइते भएको छ।

झडपमा परी संजित सिंह रन्जित सिंह, विक्रम महतो, नागेन्द्र सिंह र भोरिल यादव घाइते भएका छन्। संजीतको टाउकोमा गम्भीर चोट लागेको छ र उनको अवस्था चिन्ताजनक भएकाले थप उपचारका लागि काठमाडौँ पठाइएको छ भने अन्य घाइतेमध्ये केहीको स्थानीय सुभस्वतिक अस्पतालमा उपचार भइरहेको जनाइएको छ।

घाइतेमध्ये अधिकांश नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का कार्यकर्ता रहेको बताइएको छ। घाइतेमध्येका भोरिल यादव भने नेपाली कांग्रेसबाट निर्वाचित वडा अध्यक्ष हुन्।

अशक्त तथा बिरामी आफन्तको प्रतिनिधि बनेर एकै व्यक्तिले पटक-पटक मतदान गरेको विषयलाई लिएर विवाद सुरु भएको थियो। उक्त विवादले उग्र रूप लिएपछि विभिन्न राजनीतिक दलका कार्यकर्ताबीच हातहालाहाल र झडप भएको स्थानीयले जनाएको छ।

दुई पक्षबीच विवाद बढेपछि सो मतदान केन्द्रमा बिहान १०:३० बजेदेखि मतदान प्रक्रिया अवरुद्ध भएको थियो। महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव का अनुसार साढे १० बजेदेखि स्थगित भएको मतदान दिउँसो १२:४० बजेदेखि पुनः सुरु गरिएको थियो।

विवाद समाधानका लागि बर्दिवास नगरप्रमुख प्रह्लाद क्षेत्रीसहितको टोली घटनास्थल पुगेपछि सर्वदलीय सहमतिमा मतदान पुनः सञ्चालन गरिएको प्रशासनले जनाएको छ।

# पूर्वप्रमसहित तीन मन्त्रीले गरे मतदान

**टुडे समाचारदाता**

रौतहट। प्रतिनिधिसभा सदस्यको बिहीबार सम्पन्न निर्वाचनमा रौतहट जिल्लामा उम्मेदवारी दिएका पूर्वप्रधानमन्त्रीसहित तीन जना पूर्वमन्त्रीले मतदान गरेका छन्।



रौतहट क्षेत्र नं १ का उम्मेदवार एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र पूर्वमन्त्री अनिलकुमार झा तथा क्षेत्र नं ३ का उम्मेदवार एवं पूर्वमन्त्री प्रभु साहले मतदान गरेको हो।

नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक एवं उम्मेदवार माधवकुमार नेपालले रौतहट क्षेत्र नम्बर १ को गौर नगरपालिका-२ मा रहेको रामजानकी कन्या आधारभूत विद्यालय मतदान केन्द्रमा मतदान गरेका छन्।

आम जनता पार्टीका अध्यक्ष एवं रौतहट क्षेत्र नम्बर ३ का उम्मेदवार प्रभु साहले मौलापुर-५ स्थित मतदान केन्द्रमा उपस्थित भई आफ्नो मताधिकार प्रयोग गरेका छन्। यस्तै नेपाली कांग्रेस रौतहट क्षेत्र नम्बर १ का उम्मेदवार अनिलकुमार झाले दुर्गा भगवती गाउँपालिका-३ मत्सरीस्थित संस्कृत माध्यमिक विद्यालय मतदान केन्द्रमा आज बिहानै उपस्थित भएर मतदान गरेको छ।

शान्तिपूर्ण निर्वाचनका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना तथा म्यादी प्रहर ीसहित करिब १० हजार सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बताएका छन्। संयुक्त सुरक्षा टोलीले जिल्लाभर गस्ती तथा पट्रोलिङलाई समेत तीव्र पारेको जिल्ला सुरक्षा समितिका प्रमुख एवं प्रजिअ भुसालले जानकारी दिएका छन।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८